
# धर्मकीर्ति

THE DHARMAKIRTI
A BUDDHIST MONTHLY

श्रावण पूर्णिमा



लुम्बिनीमा जापानी भिक्षु नावातामेको हत्याको विरोधमा निस्केको जुलूस खुलामंचमा पुगी शोक सभामा उपस्थित लाखौं जनसमूहको दृश्य ।

DHARMAKIRTI

वर्ष- १५ अङ्क- ४ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

भगवान बुद्धको मूर्ति करूणा बौद्ध संघ परिवार, होलङ्गदी तानसेनबाट मैत्रीपूर्वक उपहार स्वरूप प्रदान गरिएको थियो। सो मूर्ति तानसेनबाट लगी खोरबारी बस बिसौनीबाट रथमा राखी ज्ञानमाला भजन र बाजागाजा सहित भव्य शोभायात्रा गरी सन्तोक बुद्ध विहारमा पुऱ्याएपछि ज्ञानमाला भजन र बुद्धपूजा सम्पन्न भएको थियो।

त्यसपछि आयोजित धार्मिक सभामा करूणा बौद्ध संघका अध्यक्ष सह-प्राध्यापक छत्रराज शाक्यले सो मूर्ति प्रदान गर्न पाएकोमा हर्ष ब्यक्त गर्दै सम्भवतया नेपाल अधिराज्यमा नै पहिलो पटक मगर समाजबाट बुद्ध विहार निर्माण गरी बुद्ध मूर्ति प्रतिस्थापना भएकोमा मगर समाजलाई हार्दिक बधाई दिंदै भगवान बुद्धको उपदेश अनुसार अन्धविश्वास, राग र द्वेषलाई त्यागी मन शुद्धिकरणको मार्गमा लाग्नु पर्ने र चण्डि पूर्णिमा पर्व हिंसा त्यागी अहिंसात्मक रूपमा मनाउन आह्वान गर्नुभयो।

बुद्ध विहार निर्माण समितिका कोषाध्यक्ष हरिकृष्ण दिसामगरले आय-ब्यय प्रतिवेदन प्रस्तुत गर्दै गा.वि.स.बाट रु. ५२,०००/-, चन्दा दाताहरूबाट रु. ४८,९५७/- र श्रमदान रु. २२,०००/- गरी जम्मा रु. १,२२,९५७/- को लागतमा सो विहार निर्माण भएको बताउनु भयो। चिर्तुङ्गधारा गा.वि.स.का अध्यक्ष तुल्सीराम थापा, तानसेनका विभिन्न बौद्ध संस्थाहरूका अध्यक्षहरू - चिनियालाल बज्राचार्य, कृष्णप्रसाद शाक्य, देवेन्द्रमान शाक्य र सुमना शाक्यले मन्तव्य एवं शुभकामना ब्यक्त गरेका थिए। विहार निर्माण समितिका अध्यक्ष गिरीप्रसाद दिसामगरको अध्यक्षतामा भएको सो समारोह सचिव ताराबहादुर सिंजाली मगरले संचालन गर्नुभएको थियो।

× × ×

**न्ह्यसः लिसः कासा**

२०५४ जेष्ठ ३२ गते यल।

२५४१ बुद्ध जयन्तिया लसताय् थनया हःखा त्वाःया युवा पुस्तकालययया ग्वसालय् नीन्याकोगु यल जिल्ला व्यापी बुद्ध व बुद्धधर्म सम्बन्धी न्ह्यसः लिसः कासा **रजत जयन्ती समारोह** सुसम्पन्न जूगु समाचार दु। प्राप्त समाचार कथं उगु कासाय् यलया थी थी नीनिगु पुस्तकालय, क्लब व विहारं ब्वति काःगु मध्ये न्हाप, ल्यू व लियांल्यू लाःगु छसिकथं शाक्यसिंह परियत्ति शिक्षालय, आलोक पुस्तकालय व दीपंकर परियत्ति शिक्षालययात मूपाहाँ सामान्य प्रशासन मन्त्री सिद्धिलाल सिंजु पाखें सिरपा व दसि-पौ लःल्हानादीगु खः। तिर्थमान शाक्यया सभापतित्वे जूगु उगु ज्याझ्वले यल उप-महानगर पालिकाया न्ह्यम्ह मेयर बुद्धिराज बज्राचार्यं नं न्ववाना दीगु खः। पुस्तकालयया नायो भाजु पंचराज शाक्यं लसकुस न्वचु बिया दीगु उगु ज्या झ्वलय् छ्याञ्जे भाजु शुक्रराज शाक्यं प्रतिवेदन न्ह्यब्वयादीगु खः। बु.सं. २५१७ निसें रनिङ्ग शील्ड कथं न्ह्याःगु उगु कासाया रजत जयन्ती महोत्सवया लसताय् युवा पुस्तकालयपाखें रजत जयन्ती सिक्का (वँहः यागु) २०० थान व रजत जयन्ती स्मारिका प्रकाशन यागु जुल। थ्वहे लसताय् बौद्ध न्ह्यसः लिसः कासा मू गुठी, यलपाखें "यलया बौद्ध न्ह्यसः लिसः कासा छगू अध्ययन" नां गु सफू विमोचन याना पिथंगु जुल। उगु सफूया च्वमि महेन्द्ररत्न शाक्य व सहयोगी शुक्रराज शाक्य खः। उगु रजत जयन्ती समारोहया दथुइ नीन्यादं तक कासा मदिक न्ह्याकेया नितिं विभिन्न कथं योगदान बिया ग्वाहाली याना बिज्यापिं महानुभावपिंत नं विशेष हनेगु ज्या नं जूगु जुल।

मयजु ममता शाक्यं न्ह्याकादीगु विजं कासाया उगु ज्याझ्वलय् क्वीज माष्टर शाक्य सुरेन खःसा भिक्षु बुद्धघोष महास्थविर, अनगारिका धम्मवती, अनगारिका सुजाता, प्रा. आशाराम शाक्य, महेन्द्ररत्न शाक्य व मयजु अमिता धाख्वा निर्णायक मण्डलय् च्वना बिज्यागु खः।

आइक्वंया नीखुकोगु कासा पाःब्व विश्व शान्ति पुस्तकालयं (बालिफ) काःगु नं समाचार दु।

**ज्ञानमाला ख्वीदँ बुन्हि (भद्र जयन्ति)**

ने.सं. १११७, दिल्लागा, तृतीया, संघाराम।

ज्ञानमाला भजन खलः, स्वयम्भूया थःगु ज्याकुथी ज्ञा. सल्लाहकार परिषदया मूं ज्या सःताः स.प.या नायो पद प्वनाच्वंगु थासय् जःभांजु भरतराज तुलाधरयात ल्योगु ज्ञा.स.प.या नायो पदय् स.प्रा. सुवर्ण शाक्य यात ल्योगु जानकारी बीगु ज्या जूगु समाचार दु।

उगु मुं ज्यास ज्ञानमाला ख्वीदँ बुन्हिया लसताय् सम्पन्न ज्वीगु ज्याझ्वःत मध्ये सपं सल्लाह ब्यूगु ज्याझ्वःत –

(१) दि. आचार्य भिक्षु अमृतानन्द महास्थविरजुं बौद्ध जगतय् ख्वीदँ क्यनीगुयात "भद्र दँ" धायमाः धयागु वसपोलया उजंयात लुमंकाः "ज्ञानमाला भद्र जयन्ती" कथं ख्वीदँ बुन्हि हनेगु।

(२) थ्वहे गुंला निसें ज्ञा. भद्र जयन्तीया ज्याझ्वःकथं स्वनिगःया थीथी ज्ञा.भ. ख. पिन्त न्हिं छथ्वः ज्ञा.भ.ख.या सतः स्वयम्भूइ ब्वनाः भजन याकेगु।

(३) "ज्ञा.भ. जयन्ती" मू ज्याझ्वः ने.सं. १११८ पोहेलाथ्व त्रियोदसी (२०५४ पुस २६) सनिवाः खुन्हु याय्गु।

(४) ज्ञा.भ. सफू झिंन्हय्क्वःगु पिथना (संस्करण) थ्व हे "भद्र जयन्ती" दुने पिथनेत मगाः मचाःगु दातापिं पाखें नं हापं गुहाली कयाः पिथनेगु।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापक
**चिनीकाजी महर्जन**

सम्पादक
**अनगारिका वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २१५०२०, २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
**अनगारिका धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २२०४६६

बुद्धसम्वत् २५४१
नेपालसम्वत् १११७
इस्वीसम्वत् १९९७
बिक्रमसम्वत् २०५४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY
August 1997

| वर्ष- १५ | अङ्क- ४ | गुरुपुन्ही | भाद्र २०५४ |
|---|---|---|---|




★ धेरै खाना खाने अलसी निन्द्रालु मानिस धेरै खानाले मोटाएको सुंगुर जस्तै हो, त्यस्ता मूर्ख बराबर गर्भवासमा आउँछ ।

★ ★ ★

★ काम गर्ने बेलामा मित्रद्वारा सहायता पाउनु सुख हो । जे मिल्यो त्यसमा सन्तुष्ट हुनु पनि सुखै हो । बृद्धावस्थामा गरेको पुण्य पनि सुखमय हुन्छ । सबै दुःखबाट मुक्ति पाउनु ठूलो सुख हो ।

★ ★ ★

★ असल मानिस भएर जन्मनु कठिन छ, जन्मेर पनि नमरून्जेलसम्म बाँचिरहनु पनि कठिन छ । जीवित रहे पनि धर्म श्रवण गर्नु कठिन र बुद्धको जन्म हुनु पनि कठिन छ ।

Downloaded from http://www.dhamma.digital

# कपिलवस्तु

✍ भिक्षु सुदर्शन महास्थविर

कपिलवस्तु २९ वर्षसम्म सिद्धार्थ बोधिसत्त्वको जीवन व्यतीत भएको शाक्य-राज्य हो । यसको पश्चिमी सीमा कोशल अधिराज्यको श्रावस्ती नगर भए पूर्वतिर कोलियहरूको देवदह राज्य रोहिणी सीमानदी थियो । यसको दक्षिणी-पूर्वमा छ, मल्लहरूको गणराज्य । पालि साहित्यमा यसलाई कपिलवत्थु भनिएको छ भने संस्कृत बौद्ध साहित्यमा कपिलवास्तु, कपिलायपुर र कपिलपुर पनि भनिएको छ ।

कपिलवस्तुमा शाक्यहरूको संथागार (संस्थागार = संसद जस्तै एक सभा भवन) छ । शायद पुरानो संस्थागार भवन जीर्ण भएकोले एउटा नया संथागार भवन बुद्धको समयमा बनाइयो । मज्झिमनिकायको सेख-सुत्त र संयुक्तनिकायको अवस्सुत-सुत्त अनुसार शाक्यहरूले भगवानसंग प्रार्थना गरे "भन्ते भगवान् ! हामीहरूले यहाँ एउटा भरखर तयार गरेको संथागार छ । त्यसको पहिलो परिभोग भगवान्बाट होस् । भगवान बुद्धवाट परिभोग पछि हामी शाक्यहरू यसको परिभोग गर्ने छौं ।" शाक्यमुनि बुद्धबाट उनीहरूको प्रार्थना स्वीकार गर्दै नयाँ संथागार भवनको परिभोग भयो । नयाँ संथागारको परिभोग पछि बुद्धले सेख-सुत्त र अवस्सुत्त-सुत्त उपदेश दिनु भएको थियो । महावस्तु अनुसार यही संथागारको बैठक "शाक्य परिषद" हो ।

जातक अनुसार कपिलवस्तु दरवार "अट्ठावसहट्ठुब्भेदं पाकारं" १८ हाथ उँचाइका प्रकारले घेरिएको भए महावस्तु अनुसार सात प्राकारबाट घेरिएको थियो ।

हिमालय स्पष्ट देखिने, भागिरथी नदी किनारामा अवस्थित, प्राकारका अवशेष तथा पुर्वी र पश्चिमी प्रवेशद्वार भएको, नगर भवनका जग अवशेष (चतुष्कोण प्रकारको बस्ति अवशेषको भन्दा भिन्न किसिमको) पाइएको, नगर सभ्यतासंग सम्बद्ध मुद्रा, गहना, खिलौना, औजार, माटाका सा-साना मूर्तिहरू र प्रिंटेड ग्रे वेपर आदि उत्खनन्मा पाइएकोले वर्तमान तिलौराकोट नै प्राचीन कपिलवस्तु नगरको केन्द्र भएको सिद्ध हुन्छ । चिनिया यात्रीहरूको विवरण अनुसार ट्वाक्कै मिल्ने दूरीमा यहाँबाट पूर्वोत्तरमा कोनाकमन बुद्धको स्तुप बारेको उल्लेख उत्कीर्ण गरिएको, अशोकको शिलास्तम्भ भेटिएको तथा दक्षिणतिर ककुच्छन्द बुद्धको स्तूपावशेष तथा अशोकको शिलास्तम्भ भरिएकोले पनि तिलौराकोट कपिलवस्तु भएको स्पष्ट छ ।

सम्बोधि प्राप्तिका लागि दुष्कर तपस्यादि अफाप सिद्ध भए पनि बोधिसत्त्वको मनमा लाग्यो, "कतै मैले शैशवकालमा कपिलवस्तुको जामुन वृक्षमुनि गरेको ध्यान नै सम्बोधितिर लैजाने बाटो त होइन ?" नभन्दै त्यो नै सम्बोधि उन्मुख बाटो सिद्ध भयो । पिपलको रूखमुनि वैशाख-पूर्णिमाका दिन बस्नु भएका बोधिसत्त्वबाट ध्यान भयो । क्रमशः माथिल्लो स्तरको ध्यान समाधि विपश्यना गर्दै उनले प्रतीत्यसमुत्पादबाट अनन्तः सम्बोधिज्ञान पाए । यो गहनतम तथ्य र महत्त्वलाई त्यसबेला सबैले बुझेको थियो । त्यसकारण मूर्तिकारले पनि यसलाई विर्सन सकेन । बुद्धको दुष्कर चर्याको प्रसिद्ध अस्तिपञ्जरमय मूर्ति (जुन अहिले पाकिस्तानको संग्राहालयमा सुरक्षित छ ।) मा यसको फलकमा यही शिशु सिद्धार्थले कपिलवस्तुको राजकीय खेतनिर जामुन वृक्षमुनि ध्यान गरिरहेको मूर्ति चित्र कुँदिएको छ ।

बुद्धत्वको प्राप्ति पछि भगवान बुद्ध धर्म प्रचारको कार्यमा संलग्न भए । यता राजा शुद्धोदन आफ्नो छोराको मुख हेर्न ब्याकुल भयो । शुद्धोदनले धेरै पटक बुद्धलाई बोलाउन पठाइसकेपछि सबैभन्दा पछि पठाइएका सिद्धार्थको कम उमेरको अमात्य कालुदायीले मगधमा पुग्नु भई महाराजा शुद्धोदनको बिन्ति बुद्धमा पुऱ्यायो । बुद्ध आफैले बोधिज्ञान पाएको ठीक एक वर्ष पछिको वैशाख-पूर्णिमाकै दिन कपिलवस्तुमा आउनु भयो । बुद्ध यसवेला न्यग्रोधाराममा बस्नु भएको थियो । बुद्धको यस पहिलो कपिलवस्तु आगमन वेला नै सिद्धार्थलाई दूध ख्वाई हुर्काउने महाप्रजापतिबाट जन्मेका कान्छी आमाको छोरा राजकुमार नन्द र सिद्धार्थपुत्र राहुल कुमार भिक्षु र श्रामणेर भए । कपिलवस्तुको राजमहलमा भएको बुद्धको उपदेश सुनेर राजा शुद्धोदन सकदागामी र महाप्रजापति गौतमी श्रोतापन्न भएका थिए ।



Downloaded from http://www.dhamma.digital

भगवान बुद्ध वैशालीको कुटागारमा पाँचौ वर्षावास बस्दै हुनुहुन्थ्यो । जिनत्थपकासिनी अनुसार राजा शुद्धोदन बिसन्चो भइरहेको खबर पाएर बुद्ध ५०० भिक्षुहरूसंगै कपिलवस्तु आउनु भयो । रोगी शैय्यामा बस्नु भएका राजा शुद्धोदनलाई बुद्धले उपदेश दिनु भएको थियो र बुद्धको उपदेश सुनेर राजा अर्हन्त (क्षीणास्रव) भए । अर्हतत्व पाई निर्वाण हुने बुद्धकालीन समयको राजा शुद्धोदन नै एक मात्र राजा हुनुहुन्थ्यो ।

शाक्य र कोलियहरूको बीचमा रोहिणी नदीको पानीलाई लिएर रक्तपातपूर्ण झगडा कलह हुनै लागेको बेला भगवान बुद्धले बाँच र बाँच्न देउ सिद्धान्त अनुरूप पानी बाँडेर लिने उपदेश दिनुभएको थियो । यसरी बुद्धको दोस्रो कपिलवस्तु आगमनको बेला एकातिर आफ्ना बुबाप्रति प्रत्युपकार भएको देखिन्छ भने अर्कोतिर आफ्ना शाक्यबन्धुहरू र मावलीका कोलियहरूलाई रक्तपातपूर्ण कलह युद्धबाट बचाउनु भएको थियो ।

भगवान बुद्धको तेस्रो कपिलवस्तु आगमन सान्है महत्वपूर्ण छ । बुद्धको कपिलवस्तु आगमन मध्यमा शायद यही बेला लामो समयसम्म बुद्ध कपिलवस्तु बस्नु भएको थियो । बुद्धको १५ औं वर्षावास कपिलवस्तुमा भएको थियो । यसबाट सिद्ध हुन्छ, यसबाट बुद्ध कमसेकम तीन महिनासम्म कपिलवस्तुमा बस्नु भएको थियो ।

बुद्धको चौथौं कपिलवस्तु आगमन उनको ७८ वर्षको उमेरमा भएको थियो । कोशल राजकुमार विडुडभ आफ्नो अपमानको बदला लिन मारकाट गर्न ससैन्य कपिलवस्तुमा आइलागेको थियो । बुद्ध आफ्ना पूर्व गुरु भाई भरण्डुकालामको आश्रममा रात काटेर कपिलवस्तु सीमाको पारको छहारी नभएको रूखमुनि बस्नु आउनु भयो । जब कि उता नजिकै कोशल सीमा स्थित भूमिमा झ्वाम्म छहारी भएको एउटा रूख थियो । हमला गर्न आएको विडुडभले बुद्धलाई अनदेखा गर्न सकेन । बुद्धकहाँ गएर अभिवादन गऱ्यो । अनि सोध्यो – "भन्ते भगवान, उ त्यो छायामाथि रूखमुनि नबस्नुभई किन यो पात नभएको सुकेको रूखमुनि बस्नु भएको हो ?" भगवान बुद्धले उत्तरमा भन्नुभयो, " यो रूखमा पात नभएता पनि यहाँ छहारी नभएता पनि आफ्ना ज्ञातृ बन्धुहरूको छहारी अत्यन्त शीतल हुन्छ ।" विडुडभले कुरा बुझिहाले । बुद्धको बरद आर्शीर्वाद कपिलवस्तुमा छ । विडुडभ विना कपिलवस्तुमा जाइलागिकन ससैन्य कपिलवस्तुबाट फर्केर गए । यो बुद्धको महापरिनिर्वाण हुनुभन्दा दुई वर्ष अघिको घटना थियो ।

यसरी कपिलवस्तु राजकुमार सिद्धार्थको २९ वर्षसम्मको विचरण र बसोवासको भूमि हो । सिद्धार्थको जीवनसंग महत्वपूर्ण घटनाहरूको अनेक पुष्प स्मारकहरू यहाँ बनेको थियो । राजा अशोकले ती स्मारकहरूको दर्शन पूजन गरेको वर्णन दिव्यावदानमा पाइन्छ । चिनिया यात्री ह्वेनसांगको यात्राकालसम्म ती स्मारकहरू अवशेषहरू चिन्न सक्ने रूपमा विद्यमान थियो । आज पनि कपिलवस्तु जिल्लामा पुरातात्विक दृष्टिबाट पहिचान र अनुमान गर्न सकेका ५८ वटा पुरातात्विक स्थलहरू गौरव गाथा गाइरहेका छन् । अत: वाद-विवादमा अथवा वाक्युद्धमा पर्नुभन्दा हाम्रो राष्ट्रिय हित यसैमा छ, हामी ती महत्वपूर्ण ऐतिहासिक पुरातात्विक स्थलहरूको उत्खनन्मा लागौं । अतीतका गौरवगाथालाई रूदन क्रन्दनबाट संगीत रूपमा गाउन पाउने अवस्थामा ल्याऔं । बोधिसत्वको २९ वर्षको बसोवास भएको विचरण भूमि, भगवान बुद्धको ४ बारसम्मको आगमन र उपदेश भएको पुण्यभूमि, प्रथम भिक्षुणी महाप्रजापती, यशोधरा प्रमुख अनेकौं भिक्षुणीहरूको जन्मभूमि, बुद्धको उपदेश सुनेर पहिलो अर्हत् हुने भिक्षु कौण्डञ्य सहित सयकडौं भिक्षु संघको जन्म र कर्म भूमि कपिलवस्तुको गौरव गाथा गाउन आउने अवस्थामा हामी अगाडि बढौं । अस्तु !

**"संविधानपूर्वक काम गर्ने, परजनलाई संग्रह गर्ने, स्वामीको मनोभावना अनुसार आचरण गर्ने तथा प्राप्त धनको सुरक्षा गर्ने, श्रद्धा र शीलले सम्पन्न हुने, मागनेको मनोभावलाई बुझि मात्सर्यमल दूर गर्ने, पारलौकिक स्वस्तिको निम्ति नित्यप्रति मार्ग सोधन गर्ने, जो स्त्रीमा यी आठ गुणधर्महरू विद्यमान हुन्छन् उसलाई धर्मस्थित, सत्यवादी तथा शीलवती भन्वछन् । अष्टांग गुणले युक्त भई सोह आकारले युक्त हुने शीलवती उपासिका मनापकायिका सुगतिमा जान्छे । – बुद्ध**



Downloaded from http://www.dhamma.digital

# काश्यप बन्धु – एक चर्चा

✍ कृष्ण कुमार प्रजापति
नगदेश बुद्ध विहार

काश्यप बन्धुहरू यौवनावस्थामै गृहत्याग गरी उरूवेलाको रमणीय भू-भागको नेरंजना नदीको किनारामा तीनैजनाले अलग अलग आश्रम बनाई तपचर्य यापन गरी आएका थिए। यसरी तपचर्य साधनाको जीवनबाट प्रभावित भै थुप्रै मानिसहरू काश्यप बन्धुहरूको शिष्य बन्न आएका थिए । काश्यप बन्धुहरूको तपचर्य जीवनबाट देश विदेशमा प्रख्याती फैलँदै गएका थिए र उनीहरू प्रसिद्ध साधकमा गनिएका थिए । उनीहरूको नाम र सम्बोधनबाट थाहा हुन आउँछ, उनीहरू काश्यप गोत्रका ब्राह्मण परिवारमा जन्मेका थिए । तीनजना वुन्धुहरूमा जेठो उरूवेल काश्यप बढी प्रभावशाली थिए, जसको शिष्यहरू पाँचसय जना थिए। माहिलो नदी काश्यपको तीनसय जना शिष्यहरू थिए भने कान्छो भाई गया काश्यपको दुई सय जना शिष्यहरू थिए। यसरी नेरंजना नदीको किनारामा केही दुरीको फरकमा रही आ-आफ्ना शिष्यहरूका साथमा तपचर्ययुक्त साधनारत जीवन व्यतीत गरी आएका थिए।

त्यसबेला सारनाथमा महाकारूणीक सुगत बुद्धको संघमा आफू लगायत भिक्षुहरूको संख्या एकसाठी पुगेका थिए। वर्षा ऋृतु हुन लागेकोले सुगतले आफ्नो भिक्षुहरूलाई "चरथ भिक्खवे चारिकं ..." को आदेश दिई उरूवेलातर्फ प्रस्थान गर्नुभयो । उरूवेलतर्फको बाटोमा आइरहँदा तीसजना भद्रवर्गीयहरू सुगतको शरणागत परी प्रव्रजित हुन पुगी संघमा (९१) एकानब्बे जना भिक्षुहरू भए । सुगत उरूवेलमा सिधै गएर उरूवेल काश्यपको आश्रममा रात बिताउने इच्छा प्रकट गर्नुभयो । किनभने सुगतले उनको प्रसिद्धिबारे सुनी आउनु भएका थिए। उनलाई नयाँ मार्गमा दिक्षित गर्न अधिक उपयोगी भएको देखी र उनी यस नयाँ धर्म जान्न बुझ्न योग्य सम्झी उनको आश्रममा बास बस्ने मनसायले सुगतले सोध्नुभयो । उरूवेल काश्यप पनि सुगतलाई आश्रम दिई रात बिताएमा आफ्ना भएका शिष्यहरू भड्केला भन्ने डरले कुराले टार्ने कुटनीति गरी आश्रम उपलब्ध नगराउने चेष्टा गरी भन्नथाले – "महाश्रमण, तपाई जस्तालाई यो आश्रमको अग्नि-शाला प्रदान गर्न कुनै आपत्ति छैन, तर त्यहाँ भयानक विषैला नागराजा रहेको छ, कहीं तपाईंहरूलाई त्यसले हानी नोक्सानी त गर्दैनन्। कथंकदाचित त्यसको डसाईले अमंगल, हानी नोक्सानी भएमा मलाई बात नलागोस् त्यसैले मैले बास दिन अन्कनाएको हुँ, हिच्कीचाहट गरेको हुँ।

सुगतले भन्नुभयो – "काश्यप, यदि दिनु हुन्छ भने नागले मलाई केही हानी गर्न सक्दैन, स्वीकृति र अनुमती मात्र देऊ।"

आफ्नो इच्छा नहुँदा नहुँदै पनि उरूवेल काश्यपले स्वीकृति दिए – "महाश्रमण, सुखपूर्वक विश्राम गर्नुस् !" सुगतले अग्निशालामा प्रवेश गरी आसनको लागि घाँस बिछ्याई स्मृतिपूर्ण ध्यान गर्नुभयो। त्यत्तिकैमा सुगत उपर विषैला धुँवा फ्याक्न लागे नागले तर पनि केही असर नपर्ने गरी सुगतले तेज छर्नु भयो, प्रकाश फैलाउनु भएपछि नागको प्रयास विफल भएको सम्झी पुन: प्रज्वलित अग्नी छोडे, त्यसलाई छेडन गर्न तेज महाभूत धातुमा समाधिस्थ भै प्रज्वलित हुनुभयो। तेज ढंगले अग्निशाला प्रज्वलित भै जलिरहेको देखेकोले – "हाय् परम सुन्दर महाश्रमण नाग राजाद्वारा मारिनु भयो" भनी चिल्लाई रोई कराई र हेका थिए उरूवेल काश्यप । रात बितेपछि सुगतले आफ्नो तेजबाट नागराजाको तेज खिंची नागलाई आफ्नो पात्रमा राखी उरूवेल काश्यप कहाँ पुग्नुभयो, र उनलाई भन्नुभयो – "काश्यप यही हो तिम्रो नाग।" नागलाई देखेर उरूवेलले सोचे, "यो महाश्रमण महान दिब्य शक्ति सम्पन्न, महान अनुभवसम्पन्न रहेछ।" अनि उनले पुन: अनुरोध गरे – "महाश्रमण, मेरो आतिथ्यलाई स्वीकार गरी यहीं सुखपूर्वक विहार गर्नुहोस्, म भोजन आदीद्वारा तपाईंको सेवा गर्नेछु।"

उरूवेल काश्यपको आतिथ्यलाई स्वीकारी सुगत उहीं वन-खण्डमा विहार गर्नुभयो । यहीवेला उरूवेल काश्यपको महायज्ञ हुने वेला थियो, त्यहीवेला अंग-मगध निवासीहरूले थुप्रै खाद्य सामग्रीहरू लिएर आउने वाला थिए। काश्यपले सोचे – "यदि महाश्रमण त्यही वेलामा आइपुगेमा त्यो अपार जनसमूहले वहाँको आदर सत्कार गर्नेछ र मेरो आदर गौरव घट्ने भयो । भोलि श्रमण गौतम नआउनु भए हुन्थ्यो । काश्यपको मनको कुरो सुगतले आफ्नो चित्त बलद्वारा थाहा पाउनु भै त्यो दिन वहाँ जानु भएन । भोलिपल्ट स्वयं उरूवेल काश्यप नै सुगतको सामू गई भन्यो – "महाश्रमण भोजनको समय



Downloaded from http://www.dhamma.digital

भयो, खाना तयार छ । महाश्रमण हिजो किन आउनु नभएको ? हामीहरू तपाईंको प्रतिक्षा गरीरहेका थियौं ।" त्यतिकैमा महाश्रमण सुगतले भन्नुभयो – "काश्यप, तिम्रो मनमा हिजो म आएको भए तपाईंको आदर सत्कार घट्ने, मेरो आदर सत्कार बढ्ने छ । त्यसैले हिजो नआए हुन्थ्यो भनि सोचेको होइन र ? त्यही कारणबाट म हिजो नआएको हुँ ।" त्यसरी मनको कुरो समेत जानी, भन्न सकेकोले उरूवेल काश्यप सुगतप्रति केही प्रभावित भएता पनि पूर्णरूपले प्रभावित भएको थिएन । तसर्थ उनले पुन: सोचे – "महाश्रमणले अर्काको मनको कुरो जान्न र भन्न सक्ने भएता पनि अर्हत् चाहिं पक्कै होइन, बरू म नै अर्हत् हुँ । महाश्रमण दिब्य-शक्ति धारी हो तर अर्हत् चाहिं होइन । उनको मूर्ख्याईंलाई देखेर सुगतले भन्नुभयो – "ए काश्यप, न तिमी अर्हत् हो, न तिमीले अर्हत् मार्ग पक्री यात्रा गरेको छ ।" यसरी उसको मनको सोचाई पर्दाफास गरी काश्यप उरूवेलको अभिमान नष्ट भयो । अनि सुगतको चरणमा परी शरणागत भै भन्यो – "भन्ते, "सुगतको सामू मलाई प्रब्रज्या दिनुस्, उपसम्पदा दिनुस् ।"

सुगतले भन्नु भयो – "उरूवेल काश्यप ! तिमी त पाँचसय जटाधारीहरूको नायक हौ, गुरु हौ, तिमी प्रब्रजित भयो भने ती शिष्यहरूको के गति हुने हो । अत: उनीहरूको राय लिएर आऊ ।" अनि उरूवेल काश्यपले आफ्ना पाँचसय जना जटाधारी शिष्यहरूलाई बोलाई भन्यो – "म महाश्रमण कहाँ गई ब्रह्मचर्य ग्रहण गर्न चाहन्छु । तिमीहरूको जे इच्छा छ त्यही गर्नु ।" पाँचसय अनुयायी शिष्यहरूले एउटै युगल आवाजले उत्तर दिए – "हामीहरू पनि पहिलेदेखि नै महाश्रमणबाट प्रभावित थियौं । हामीहरू पनि तपाईंको साथमा सुगतको सामू प्रब्रजित हुन्छौं । " सबैले आ-आफ्नो जटाहरू, झोलाहरू, अग्निशालाको सामग्रीहरू नेरंजरा नदीमा बगाउन थाले र सुगतको सामू गए ।

"भन्ते, तपाईं सुगतले हामीहरू सबैलाई प्रब्रज्या गरीदिनुस्, उपसम्पदा गरीदिनुस् ।" भनी पुकार गर्न थाले पाँचसय उरूवेलका शिष्यहरूले । सुगतले धर्मोपदेश गरी सबैलाई प्रब्रज्या र उपसम्पदा प्रदान गर्नुभयो । उरूवेल काश्यप लगायत पाँचसय अनुयायी शिष्यहरूलाई भिक्षु संघमा सामेल गर्नुभयो ।

उरूवेल काश्यपका पाँचसय जना शिष्य अनुयायीहरूले नदीमा बगाएको जटाहरू, झोलाहरू र यज्ञ सामग्रीहरू देखेर माहिलो भाई नदी काश्यप लगायत तीनसय शिष्यहरूमा सान्है आश्चर्य र भारी विपत्ति महसुस गर्दै दाजु उरूवेल काश्यप कहाँ शंका निवारण गर्न पुगेका थिए । नदी काश्यपले भन्न थाले – "के यो नयाँ मार्ग ठीक छ ?" "हो, आवुस यो नयाँ मार्ग एकदम ठीक छ ।" भनी उरूवेल काश्यपले भाईलाई जवाफ दिए । यसरी भारी आपत्तियुक्त शंका निवारण भैसकेपछि नदी काश्यप लगायत तीनसय शिष्यहरू सुगतको शरणागत भै भिक्षु संघमा प्रतिष्ठित भए । दुईजना दाजुहरू आफ्नो शिष्यहरू लिई सुगतको शरणमा परी नयाँ सम्यक् जीवन शैली यापन गरेको खबरले कान्छो भाई गया काश्यपले आफ्ना दुईसय शिष्यहरू लिई सुगतको चरणमा परी भिक्षु दिक्षा ग्रहण गरी संघमा प्रवेश गरेका थिए । तथागत बुद्धको संघमा वहाँ समेत एकहजार चौरान्नब्बे जवान भिक्षुहरू भए । सुगतले ती भिक्षु संघलाई लिई सीर्स पर्वतमा विहार गर्न लग्नु भयो । त्यहाँ सुगत बुद्धले बडो महत्वपूर्ण उपदेश दिनुभयो ।

"भिक्षुहरू हो ! जसले यस यथार्थ अनित्यतालाई देख्छ, उसलाई वैराग्य प्राप्त हुन्छ । शुद्ध वैराग्य भाव प्राप्त भई तृष्णा रहित भएपछि उ आशक्तिरहित हुन्छ । आशक्तिरहित भएपछि उ विमुक्त हुन्छ ।"

उक्त वाक्य नै सुगत बुद्धले निर्वाण सम्बन्धी उपदेश दिनु भएको वाक्य हो । यही नै हो सुगतद्वारा यसै शरीरमा साक्षात्कार गर्ने मोक्षको उपदेश ।

"रागादिरहित निर्वाण पदलाई देखेर मेरो मन त्यसैमा रमायो" भनी सुगतको चरणमा परी उरूवेल काश्यपले भनेका थिए – "भन्ते, भगवान सुगत मेरो शास्ता हो, मेरो गुरु हो, म श्रावक (शिष्य) हुँ ।" एकदिन सुगत बुद्धले भिक्षुहरूको धर्म सभामा उरूवेल काश्यपलाई महान समुदायको प्रमुखको पनि प्रमुख भनी घोषणा गर्नुभयो । अत: सुगत बुद्धले उरूवेल काश्यप लगायत काश्यप बन्धुहरूको गुण, योग्यता, क्षमतालाई देख्नु भै काश्यप बन्धुहरूलाई सुगतको धर्म संघमा प्रवेश गराउनु भयो । त्यसको अर्थ र मर्मलाई बुझी तपाईं हामीहरू सबैले मानवको गुण, योग्यता र क्षमतालाई चिनौं, आदर गौरब राखौं, राख्न सिकौं ! काश्यप बन्धुहरूमा विशेषतया उरूवेल काश्यपको गुणानुस्मरण र गुणानुकरण गरौं र गर्न सिकौं ! उरूवेल काश्यप जस्ता प्रमुख भिक्षुको गुण, योग्यता र क्षमतालाई चिनौं ! आदर सत्कार गरौं ! भबतु सब्ब मङ्गलम् !

*सन्दर्भ सामग्री :*

बुद्ध और उनके समकालीन भिक्षु – डा. भदन्त सावंगी मेधंकर

■



Downloaded from http://www.dhamma.digital

# चतुब्रह्म विहार

## (महापुरुषहरूको गुण)

✍ भिक्षु अश्वघोष

भगवान बुद्ध समय समयमा ब्रह्म विचार अर्थात् उत्तम जीविकाको बारेमा उपदेश दिने गर्दथे । यी गुण हुन् मैत्री, करूणा, मुदिता र उपेक्षा । यी चार गुण जुन व्यक्तिमा देखिन्छ, ऊ ब्रह्म नै हो भनी गौतम बुद्धले भन्नुभएको थियो ।

मैत्री अर्थात् प्रेम, दया, सद्इच्छा र परोपकार शब्दहरूबाट व्यक्त हुन्छन् । यसलाई मित्रता र प्रेम पनि भनिन्छ तर मैत्री र मित्रता तथा प्रेममा धेरै भेद छ । कुनै बखत व्यक्ति व्यक्ति बीच भेटघाट हुनासाथ जान, पहिचान र परिचय हुन्छ अनि मित्रता हुन्छ । यो मित्रता, मैत्री जस्तो शुद्ध र बलियो हुँदैन । उदाहरणका लागि जस्तै कांग्रेस-राप्रपाको समीकरण अथवा नेकपा एमाले-राप्रपा समीकरण एकथरी मित्रता हो । तर यो शुद्ध मैत्री सम्बन्ध भने होइन । प्रेमी र प्रेमिका बीचको स्वार्थ जस्तै समीकरण पनि स्वार्थनिहित हुन्छ । अमेरिका र चीनबीच तथा पाकिस्तान र भारतबीच व्यापार आदि सम्झौता, सम्बन्ध मित्रताको लक्षण हुन सक्छ । तर शुद्ध मैत्री होइन । मैत्री भनेको हृदय नरम, स्वच्छ सहयोग र दयापूर्ण गुण हो । देखावटी गुण होइन । मित्रता देखावटी गुण हो । शुद्ध हृदयको चिन्ह होइन । स्वार्थको चिन्ह हो । परोपकारको शुद्ध रूप होइन । आफ्नो मतलव पूरा भएन भने मित्रता असहयोगमा परिणत हुन्छ ।

साधारणतया शान्तिमय जीवनयापनको लागि मैत्री गुण मानिसमा हुनुपर्छ । यो मानवीय गुण हो । मैत्री हराएमा मानिसमा क्रोध उत्पन्न भएर दानव रूप लिनसक्छ । तसर्थ मैत्री महापुरुषको गुण हो ।

२) करूणा-दु:खी, अनाथप्रति सहानुभूति, दया र मायापूर्ण भावना जाग्ने स्वभाव हो । अरूको दु:ख पीडा देखेर मनमा दु:खको अनुभव हुने, सहानुभूति हुने लक्षणलाई करूणा भनिन्छ । यो ब्रह्म विहारको दोश्रो गुण हो । अर्काको दु:ख, आपत विपत देख्ना साथै उसलाई कसरी दु:खबाट मुक्त गर्न सकिन्छ भन्ने चिन्तन मनमा आउने भावना नै करूणा हो । हामी अखबारमा समय समयमा छापिएका समाचार पढ्छौं । खोलामा बगिरहेको मानिसलाई उद्धार गर्दा कतिपयको ज्यान गुम्छ । कसैको घरमा आगो लागेको बेलामा आगो निभाउन र सामान बचाउने प्रयत्न गर्दा ज्यान गुमाउनेहरू पनि छन् । यो करूणा भएको व्यक्तिको उदाहरण हो । करूणा र मैत्री दुवै पवित्र हृदयको चिन्ह हो । यहाँ प्रजातन्त्र र साम्यवादको भेदभाव हुँदैन । भुखमरीले पीडित राष्ट्रको लागि अन्तर्राष्ट्रिय खाद्य सहयोग दिनु करूणा हो । कुनै कुनै राष्ट्रले मानवताको नाताले आर्थिक सहयोग दिने गर्छ यो शुद्ध मैत्री र करूणाको भावनाले दिएको ठहरिँदैन ।

यहाँ एउटा स्मरणीय कुरा के छ भने– खराब बानी भएका आफ्ना छोरा-छोरीहरूलाई आमाबाबुले केटाकेटीको भलो चिताएर नै गाली र सुझाव दिन्छन् । रचनात्मक सुझावमा मैत्री र करूणा गुण समावेश भएको हुन्छ । ध्वंसात्मक र आक्रोशमा गरेको गतिविधिमा मैत्री करूणा हुँदैन ।

३) मुदिता- यो ब्रह्मविहारको तेश्रो गुण हो । मनको प्रफुल्लता, प्रसन्नता शुद्ध आनन्दको अवस्था मुदिता गुण हो । संकीर्ण र संकुचित तथा इर्ष्या भावनार हित चित्तको अवस्थामा मुदिता गुण हुन्छ । अरूको उन्नति र विजयी तथा राम्रो काम देखेर मनमा आनन्द र हर्ष हुने अवस्थालाई मुदिता चित्त भनिन्छ । अपवादस्वरूप मानिसहरूले अनैतिक ढंगमा झेल काम गरेर उन्नति र विजयी गर्नेहरू पनि छन् । त्यस्तो अवस्था देखेर मुदिता अर्थात् आनन्दको अनुभव हुन गाऱ्हो हुन्छ । मुदिता चित्तको उल्टो गुण हो । जस्तै स्थानीय निर्वाचनको प्रतिफल देखेर इर्ष्या र डाहा भएर एमालेलाई सरकारबाट निकाली दिने कुमन्त्रणा गर्ने यो मुदिताको लक्षण होइन । किनकि जनता भन्छन् एमालेले नौ महिनामा जनमुखी भएर सरकार चलाएको प्रतिफल अहिले भोग्ने मौका पाएको छ । सबैले राम्रो काम गरेर देखाए भने जनताले विश्वास गर्छन् । बुद्ध धर्म अनुसार



Downloaded from http://www.dhamma.digital

कर्मफल भोग्नु अनिवार्य छ । एमालेले अप्रत्याशित रूपमा विजय हासिल गरेर उन्माद भएर, मात्तिएर काम राम्रोसंग गरेर देखाउन सकेन भने जनताले फ्याँकिदिन्छन् । एमालेको प्रतिष्ठा घटेर जान्छ ।

उपयुक्त उत्तम तीन गुण महापुरुषमा हुने र हुनै पर्ने गुणहरू हुन् । शान्त वातावरणको उपयोगी गुणहरू हुन् । साधारण मानिसहरूमा मैत्री गुण हुने आशा गर्नु राम्रो कुरा भए पनि व्यवहारमा देख्न दुर्लभै छ ।

साधारणतया धेरै मानिसहरू अर्काको हानि, अवनति देखेर खुशी र सन्तुष्टि अनुभव गर्छन् । कसैले नराम्रो काम गरेर पतन हुने त्यो अर्कै कुरो हो । निर्दोष व्यक्तिमाथि कुभलो चिताउने राम्रो गुण होइन । मैत्री चित्त र मुदिता चित्त उत्पन्न गरिरहनेलाई अप्ठ्यारो के छ भने संधै आफू मात्र सुखी हुने, आफू मात्र सज्जन बनी अधार्मिक काम गर्ने मानिसहरूबीच बस्नुपर्दा, अटेरी र मिचाहा प्रवृत्तिसंग बस्नु पर्दा मैत्री र करूणा तथा मुदिता चित्त हराएर जान्छ ।

त्यसैले बुद्धले उपेक्षा गुणको उपदेश दिनुभएको छ ।

४) उपेक्षा- यो ब्रह्मविहारको चौथो गुण हो । यसलाई व्यवहारमा अपनाउनु गाह्रो भए पनि अति नै उपयोगी र काम लाग्ने चीज हो । तर साधारण व्यवहारमा नराम्रो व्यवहार भएको मानिसको व्यवहारमा सुधार ल्याउनका लागि तिरस्कार, अनादर, बहिष्कार गरेर दण्ड दिनुपर्ने रहेछ । भगवान बुद्धले पनि आफ्नै साथी छन्दक सारथी भिक्षु बनिसकेपछि उसको अहंकारपन हटाउनको लागि बहिष्कार गर्ने ब्रह्मदण्ड ( ठूलो दण्ड) दिनु भएको थियो ।

कमलको फूल हिलोमा उत्पन्न भएर पनि हिलोबाट अलग्गै फूले जस्तै अशिष्ट र मिचाहा स्वभावका मानिसहरूसंग अलिप्त र अनाशक्त भइबस्नु बेस छ । यही उपेक्षा गुण हो । उपयुक्त चार गुण ब्रह्मविहार गुण धर्म अर्थात् उत्तम जीवन बिताउनलाई आवश्यक गुणहरू हुन् अथवा हारजीतबाट केही असर नपर्ने अवस्थालाई उपेक्षा भनिन्छ ।

■

# महामानव गौतम बुद्ध

✍ सरोजमान उदास, पोखरा

महामानव गौतम बुद्ध
एसियाको ज्योति
गर्छौं हामी नमस्कार
दुई कर जोडी

काय वाक चित्तलाई
आजै शुद्धि गरौं
हिरा अनि मोती होइन
पुण्य कमाई गरौं



छैन स्वर्ग आकाशमा
छैन नर्क पाताल
कुकर्मले यहि नर्क
सुकर्मले स्वर्ग

शील के हो ? ध्यान के हो ?
के [illegible] ज्ञान
[illegible] जान्नु मात्र
[illegible] भित्र

बुद्ध [illegible] बन्दना
[illegible] भावना

बुद्ध ...

मार्ग दर्शक मात्र बुद्ध
होइन मोक्ष दाता
आफ्नो ज्योति आफैं बाल
भन्ने हाम्रो स्रष्टा

बुद्ध ...

रोगी सेवा बुद्ध सेवा
सेवा ठूलो धर्म
सेवा दान विना छैन
सुख शान्ति चैन

बुद्ध ...

छैन ज्ञान धर्म अनि
सत्य शास्त्रमा
सत्य ज्ञान धर्म सबै
हुन्छ आफैंमा

बुद्ध ...



Downloaded from http://www.dhamma.digital

# सिद्धार्थको विवाह

✍ भिक्षु बुद्धदास, थाइल्याण्ड
अनुवादक – भिक्षु विपस्सी

त्यसबेला मानिसहरूलाई चाहिने सबैथोक खेतीबाट नै पाइन्थ्यो । किसानहरूले नै समाजलाई चाहिने सबैथोक उब्जाउँथे । खेतीलाई धेरै ठूलो काम मान्दथे । त्यसो हुनाले त्यस जमानामा वर्षेनी खेतीको एउटा उत्सव नै हुन्थ्यो । जसमा राजा आफैं आफ्ना कर्मचारीहरू सहित खेतमा आई हलो जोत्दथे ।

कपिलवस्तुमा ग्रीष्मऋृतु बितेर वर्षाऋृतु शुरू भयो । यो ऋृतु धान रोपिने ऋृतु हो । राजा शुद्धोदन र ज्जनंगल मंगल अर्थात् रोपाईंको चाड मनाउन आफ्ना कर्मचारीहरूका साथ नगरबाट निस्कनुभयो । कपिलवस्तुवासीहरू पनि सबका सब कृषि चाड हेर्न पछि पछि लागे । राजा आफ्ना कलिलो राजकुमार सिद्धार्थलाई समेत लिन लगाई खेतमा जानुभयो ।

सबभन्दा अगाडि राजा शुद्धोदनले सुनले मोडिएको हलो लिई उत्सव आरम्भ गर्नुभयो । त्यसपछि खेत जोत्न थाल्नुभयो । अनि राजकर्मचारीहरूले र साहु महाजनहरूले चाँदीले मोडिएको हलो लिई खेत जोत्न थाले । अनि अरू साधारण कुषकहरूले एक एक जोडा गोरु नारिएको हलोद्वारा खेत जोते । जोतिसकेपछि रोपाईंको लागि सबैले माटो बाउस गर्न थाले ।

दिउँसो राजकुमार सिद्धार्थलाई चटक्कै बिर्सेर राजकर्मचारीहरू सबै भोज खानमा मस्त भए । त्यही बेला राजकुमार एक्लै शान्तपूर्वक बस्नुभयो । वहाँले बाक्लो हाँगो भएको एउटा जम्बु बृक्षमुनि ध्यान गर्नुभयो । सर्वप्रथम वहाँले के विचार गर्नुभयो भने – यहाँ राजपिता कर्मचारीहरू तथा महाजनहरू रोपाईंको उत्सव मनाउँदै सबैजना रमाई भोज खान लागेका छन् । तर ती नारिएका गोरुहरूलाई भने कुनै आनन्द थिएन । तिनीहरूले नारिएर सान्है थाक्ने गरी कडा माटो फुटाउनु पर्दथ्यो । तिनीहरूले फेरेको स्वासले नै देखाउँदथ्यो कि तिनीहरूको जीवन कदापि आनन्ददायक थिएन । मानिसहरूले यसरी रमाइलो मानी भोज खाने दिनमा पनि ती निरीह पशुहरूले झन कडा मेहनत गर्नुपर्दछ । कठैवरी यसले आफ्नो मालिकले चाहेको बमोजिम काम गरेन भने अझ बेस्सरी कुटाई पनि खानुपर्दछ ।

राजकुमार सिद्धार्थले विभिन्न प्राणीहरूका अरू गतिविधिहरू पनि देख्नुभयो । आफ्नै वरपर वहाँले देख्नुभयो– एउटा छेपारो एउटा साँघुरो प्वालबाट हतर पतर निस्केर ससाना कीरा, फट्यांग्राहरू र आफ्ना काममा व्यस्त कमिलाहरूलाई आफ्नो जिभ्रोले तानेर खान थाल्यो । फेरि एकैछिनमा एउटा सर्प घस्रेर आई त्यो छेपारो निल्यो । यो देखेर राजकुमार वाल्लपरी हेरिरहनु भएको बेलामा अचानक आकाशबाट उडेर आएको एउटा बाजले त्यो सर्पलाई पनि सखाप पार्‍यो ।

राजकुमार सिद्धार्थ झन् गहिरो विचारमा डुब्नुभयो । वहाँले मनमनै सोध्नुभयो– जब यो संसारको यस्तो रीति रहेछ भने हामीले देख्ने राम्रा कुराहरूको पछाडि के नराम्रा कुराहरू लुकेका छैनन र ? वहाँलाई अनुभव भयो – म आनन्दसँग बस्न पाएता पनि संसारलाई महान दुःखले दबाइराखेको छ । वहाँ अझै सानो बालक हुनु भएता पनि यस्तो-यस्तो विचारको सागरमा डुबिरहँदा बाहिरी कुराको केही अत्तोपत्तो नभएको मानसिक अवस्थामा पुग्नुभयो । अर्थात् एकचित्त भई मनका कल्पना हटाई ध्यानको प्रथम अवस्थामा पुग्नुभयो ।

रोपाईं तथा भोज सकिएपछि मात्र सिद्धार्थ कुमार को हेरविचार गर्ने सुसारेहरूलाई याद आयो । हत्तर पत्तर फर्केर आउँदा तिनीहरूले राजकुमारलाई मूर्ति झैं निश्चल ध्यानमग्न भई बसेको देखे । अनि तिनीहरूले वहाँलाई ध्यानबाट ब्युँताई बिन्ति गरे – अब दरबार फर्कने बेला भइसक्यो । त्यहाँबाट फर्कंदा पनि बाटोभरि राजकुमार सिद्धार्थको मनमा सम्पूर्ण प्राणीहरूप्रति दयाले भरिएको कल्पना आइरहेको थियो, प्राणीहरू आफ्नो जीवनलाई आसाध्यै माया गर्छन् । तिनीहरू बाँच्नको लागि सान्है दुःख सहेर बस्दछन् ।

यस्तो कुरो थाहापाई राजा शुद्धोदनको मनमा खलबली मच्यो – मेरो पुत्र आध्यात्मिक कुरोमा विचार



Downloaded from http://www.dhamma.digital

मग्न हुन थाल्यो । यदि यस्तो विचारलाई नछोडाएमा सिद्धार्थ राज्य र दरबार छोडेर जानेछ । राजपितालाई पीर भयो – राज्यको उत्तराधिकारी पुत्र दरबारमा नबस्लान् भन्ने । तसर्थ राजपिताले राजकुमारको मन दरबारिया सुख सयलमा नै लगाई राख्नको लागि चाहिने हरेक उपाय गर्ने अठोट गर्नुभयो । सर्वप्रथम राजाले राजकुमारका लागि ३ वटा महलहरू बनाउन लगाउनुभयो ।

एक महल असल जातका काठबाट बनाइएको थियो । त्यसको भित्र सुगन्धित काठका फल्याकहरू बिछ्याइएका थिए । भित्रका हावापानी शीतऋृतुको लागि लायक हुनेगरी न्यानो पारिएको थियो । अर्को महल गर्मीऋृतुको लागि अनुकूल बनाइएको थियो । यसभित्र भुईमा चिल्ला तथा चम्किला सिंगमरमर बिछ्याइएका थिए । यसले भित्रको हावापानी शीतल हुन्थ्यो । तेश्रो महल असल खालका ईंटाहरूबाट बनाइएको थियो । वर्षाऋृतुमा भारीवर्षालाई खप्न सक्ने गरी हरियो झिंगटीले छाइएको थियो । यी तीनै महलहरूका वरीपरी रमाइलो बगैंचा थियो । बगैंचामा पोखरीहरू थिए । ती पोखरीहरूमा सबै किसिमका रंगी बिरंगी कमलका फूलहरू उमारिएका थिए ।

समय बित्दै गयो । राजकुमार सिद्धार्थ बाल्य अवस्था पार गरी युवा अवस्थामा पुग्नुभयो । राजपिताले प्रबन्ध गरिदिएको अनेक रमाइला कुराहरूले पनि राजकुमारलाई गहिरो विचारमा डुब्नबाट रोक्न सकिएन । राजाले यो कुरा चाल पाउनुभयो । राजाले कुमारको चित्तलाई आनन्द र मस्तिमा बाँध्नको लागि गरेका आफ्ना सबै जुक्ति असफल भएको थाहा पाए ।

अनि राजाले आफ्ना राजकर्मचारीहरूलाई भेला गराई सोध्नुभयो – ऋृषिले भविष्यवाणी गरे झैं कुमार राज्य छोडीकन उपदेशक जगतशास्ता बन्न जानबाट रोक्ने अरू कुनै उपाय छ र ? राजकर्मचारीहरूले बिन्ति गरे – राजकुमारको मनमा गृहत्याग गर्ने विचार आउन नदिई दरबारमै भुलाई राख्नलाई एउटी राम्री कन्यासँग विवाह गरिदिनु पर्दछ ।

राजालाई राजकर्मचारीहरूको त्यो सुझाव उचित लाग्यो । "आ-आफ्नो सौन्दर्य मुताबिक सिद्धार्थबाट उपहार लिन आउन देशका भएभरका अति सुन्दरी कन्या केटीहरू जम्मा होउन्" भनी इस्तिहार जारी गरियो । भेलाको दिनमा सिद्धार्थले कुन कन्या केटीलाई सबभन्दा बढी मन पराउँदो रहेछ भन्ने चियो लिन लगाउन राजाले केही राजकर्मचारीहरूलाई खटाईदिनु भयो ।

आखिर प्रदर्शनीको दिन पनि आइपुग्यो । देशका सुन्दर कन्या केटीहरू श्रृङ्गार गरी सजीसजाउ भई मनमोहक ढंगले सिद्धार्थको अगाडि आइन् । ती हरेक सुन्दरीले सिद्धार्थबाट कुनै न कुनै उपहार पाइन् । तर तिनीहरू राजकुमार सिद्धार्थबाट उपहार पाउने सौभाग्य पाएर पनि धेरै रमाएनन् । बरू डराइन् । तिनीहरू फर्केर आफ्ना सखीहरूकहाँ पुगेपछि मात्र सजिलो भएको अनुभव गरिन् । केटीहरूलाई यस्तो हुनु स्वाभाविक नै हो ।

राजकुमार सिद्धार्थ अरू युवकहरूजस्ता हुनुहुन्नथ्यो । वहाँले ती केटीहरूको सौन्दर्यलाई ध्यान दिएर हेर्नुभएन । वहाँको हात उपहार प्रदान गर्नमा लागिरहेको भएता पनि मनले भने अर्कै महान विचार गरिरहनु भएको थियो । केटीहरू आपसमा कुरा गर्न थाले, राजकुमार त अरू मानिस जस्तो हुनुहुन्न । देवता जस्तो हुनुहुन्छ ।

केटीहरू आउने क्रम सिधिनलाग्दा त्यहाँ राखिएका उपहार पनि सकियो । तर पनि राजकुमार सिद्धार्थ चुपचाप बसिरहनुभयो । वहाँको मन भने अर्कैतिर लागेको देखिन्थ्यो । सुन्दरीहरूप्रति वहाँको वास्ता नै थिएन । यत्तिकैमा एउटी केटी अबेर भएकोले हतार हतार गरी आइपुगिन् ।

त्यो केटी आइपुग्दा सिद्धार्थ कुमार अलिकति झस्कनु भएको जस्तो देखियो । यो कुरो त्यहाँ पहरा दिइबसेकाहरूले पनि सुइँको पाए । त्यो भने आफू केटी नै भएता पनि अरू अरू केटी झैं लाज नमानी सोझै राजकुमार सिद्धार्थको मुखतिर ताकेर मुसुक्क हाँसेर सोधी – "मेरो लागि कुनै उपहार बाँकी छ कि ?" राजकुमारले पनि मुसुक्क हाँसेर "उपहार त सबै सकियो । तर यो एउटा भए पनि लिएर जाउ ।" भनी सुनको अति राम्रो सिक्री आफ्नो गर्दनबाट उतारेर आफ्नो हातले उक्त केटीको गलामा पहिराई दिनु भयो ।



Downloaded from http://www.dhamma.digital

राजआज्ञा अनुसार चियो लिइबसेकाहरूले राजकुमारको सबै व्यवहारहरू बारे आपसमा छलफल गरे। सोधपुछ गरी हेर्दा थाहा पाइयो, उक्त केटी राजा सुप्रबुद्धकी छोरी यशोधरा रहेछिन् । अनि सबै राजकर्मचारीहरू तुरून्तै फर्केर राजा शुद्धोदनलाई सबैकुरा बिन्ती गरे । भोलिपल्ट राजा शुद्धोदनले सुप्रबुद्धकहाँ केटी माग्न आफ्ना ठूलठूला ओहदाका राजकर्मचारीहरू पठाउनु भयो।

हिमालय निरका यी अति वीर शाक्यहरूको एउटा चलन थियो । विवाह गर्न चाहेको कुनै पनि युवकले आफ्नो खुबी देखउनु पर्दथ्यो । जस्तै :- अश्वारोहण, तीरन्दाजी र तलवार जुधाउनु आदि। यस्ता कुराहरूमा आफू चलाख एवं योग्य भएको कुरा जन समूहलाई देखाउनु पर्दथ्यो । सिद्धार्थ कुमारले पनि देखाउनुहुने भयो । त्यसो हुनाले शाक्य राज्यका सबै बलिया र चलाख युवकहरूलाई कपिलवस्तुको परीक्षा मैदानमा भेला गराए।

भेला भएका सबैजना युवकहरू अश्वारोहण, तीरन्दाजी तथा तलवार चलाउने विद्यामा सिपालु र चनाखा थिए। ती सबै जनाले आ-आफ्ना शीप देखाए। अमात्य तथा जनताको त्यो ठूलो भेलाका बीच सिद्धार्थले पनि आफ्नो शीप देखाउनु भयो । तीरन्दाजी शीप प्रदर्शनीमा वहाँले सबभन्दा सिपालु आफ्नो काकाको छोरो देवदत्तले भन्दा पनि टाढासम्म हान्नुभयो।

तलवार चलाउने विषयमा त राजकुमार सिद्धार्थले आफ्नो नरम हातले पनि यति ओरसित हान्नुभयो कि एकै चोटमा रूख त मूला झैं छिनिएर पनि तटस्थ रह्यो। हेर्नेहरू दंगदास भए। रूख छिनियो। तर ढलेको थिएन। हावाको झोंक्काले रूख बिस्तारै भुईंमा ढल्दा मानिसहरू के देख्दथे भने काटिएको यति सफा छ मानो घिउ काटिएको झैं देखिन्थ्यो। यस पटकको खड्ग प्रहारमा आफ्नी सानी आमाका पुत्र राजकुमार नन्दलाई जितेर वहाँ पहिला हुनु भयो। त्यहाँ भेला भएका दर्शक वर्गले त खड्ग प्रहारमा नन्द कुमारलाई कसैले पनि जित्न सक्दैन भनी ठानेका थिए।

त्यसपछि अश्वारोहण कला देखाउने पालो आयो। राजकुमार सिद्धार्थले अति छिटो दौडने कण्ठक भन्ने घोडा चढेर सजिलै अरू प्रतियोगीहरूलाई पछाडि पार्नुभयो । कोही कोहीले भने – यसरी राजकुमारले सजिलै जित्नु भएको वहाँको घोडाको कारणले हुनुपर्दछ। यदि कण्ठक जस्तो शीघ्र धावक घोडा चढ्न पाएको भए हामीले पनि पक्कै जित्ने थियौं। अब अघि पछि कहिल्यै नचढाएको कालो घोडा ल्याई, कसले यसलाई चढ्नसक्छ ? अथवा यसको पिठ्यूँमा को धेरै बेरसम्म बस्न सक्छ ? भनी जाँची हेरौं।

युवकहरू प्रत्येकले त्यो कालो घोडाको लगाम समाती त्यसको पिठ्यूँमा चढ्न यथाशक्य कोसिस गरे। तर त्यो नसाधिएको घोडाले झट्को दिई उफ्रेर चढ्नखोज्नेलाई तल भुईंमा पछाडिदिन्थ्यो । क्रमशः अर्जुन राजकुमारको पालो आयो। उनी देशका सर्वोत्तम अश्वारोही मानिन्थे। उनले भने थोरै मात्र मेहनतले त्यो घोडा चढेर घोडालाई मैदानको चारैतिर दगुर्न लगामद्वारा इसारा दिए।

तर एकैछिनमा यस्तो होला भनी कसैले पनि कल्पना गरेको थिएन। त्यो नसाधिएको कालो घोडाले आफ्नो टाउको तथा गर्दन झट्ट माथितिर हुत्याई पछाडिका खुट्टाहरूका बलमा उफ्रेर राजकुमार अर्जुनलाई पिठ्यूँबाट भुइँमा पछाडिदियो । यस्तो हुने घटनाप्रति चनाखो भई बसेका उद्धार टोलीले झट्ट आएर उद्धार नगरेको भए, त्यो घोडालाई पिट्दै काबूमा नलिएको भए, त्यसले त्यो राजकुमारको ज्यान समेत लिने थियो।

सम्झौता भए बमोजिम त्यो नसाधिएको जंगली घोडाले हंगामा मचाएको लगत्तै पछि सिद्धार्थको पालो पर्दथ्यो। सबैजनाले आशङ्का गरे यसमा सिद्धार्थको ज्यान जानेछ । किनभने देशका सर्वोत्तम अश्वारोही ठानिएका राजकुमार अर्जुन नै झण्डै मरेको। तर राजकुमार सिद्धार्थ कति पनि डराउनु भएन । वहाँ विस्तारै सीधा घोडा भएतिर जानुभयो । अनि एउटा हात त्यसको गर्दनमा र अर्को हातले नाकतिर सुम्सुम्याउँदै केही मिठो-मिठो बोली बोलेर घोडाको पिठ्यूँमा धाप दिनुभयो।

यसपालि त्यो घोडा ठिङ्ग उभिइदिएकोले सबैजना आश्चर्य चकित भए। घोडा सिद्धार्थलाई आफ्नो पिठ्यूँमा चढाई इसारा बमोजिम राम्ररी हिंड्यो। यसप्रकार त्यो घोडालाई कुनै ठोकपिट नगरिकन नै फूर्तिसाथ



Downloaded from http://www.dhamma.digital

सजिलोसित चढेको यो नै पहिलो चोटी हो । किनभने त्यसले अहिले सिद्धार्थबाट पाए झैं पहिले कसैबाट कहिल्यै माया पाएको थिएन ।

अन्ततः सबैले स्वीकार गरे, सिद्धार्थ देशका सर्वश्रेष्ठ अश्वारोही हुनुहुन्छ । वहाँ अति सुन्दरी यशोधरा देवीको पति बन्न योग्य हुनुहुन्छ । यशोधरा देवीका पिता राजा सुप्रबुद्ध यो देखेर दंग भए । उनले राजकुमार सिद्धार्थप्रति सन्तुष्ट भई आफ्नो सुपुत्री यशोधरादेवी विवाह गरिदिन स्वीकार गरे ।

शुभ-विवाह समारोहमा भेला भएको ठूलो जनसमूहले राजकुमार सिद्धार्थको जयजयकार गऱ्यो । राजकुमार सिद्धार्थको विवाह यशोधरादेवीसंग धूमधाम गरी भयो । विवाहपछि वहाँहरू नवनिर्मित सुन्दर महलमा बस्नुभयो । यो महल राजपिताले आफ्नो राजकुमार तथा राजवधूलाई रमाइलो तथा आनन्दपूर्वक बसाउन युवाहरूको मनपर्ने सम्पूर्ण सुखसुविधाले पूर्ण गरी बनाइदिनु भएको थियो । अब राजा शुद्धोदन यस्तो विचार गरी खुशी हुनुभयो । अब त मेरो राजकुमार मलाई तथा राजसिंहासनलाई त्यागेर सन्यासी बन्न जाने छैन ।

राजकुमार सिद्धार्थको मनमा दरवार छोडी सन्यासी बन्न जाने विचार आउन नदिन तथा दरबारको सुखभोगमा बाहेक अरू कुरामा मन जान नदिन शुद्धोदनले धेरै कोशिस गर्नुभयो । शोक-सन्ताप उत्पन्न गराउने किसिमका कुनै कुरा देख्न दिइएन । बुढो, रोगी र लास देख्न दिइएन । त्यस्ता कुरासम्म पनि सुनाइएन । राजकुमारका वरीपरी बस्ने सबैजनालाई रात-दिन खुशीको तथा आनन्द र मोजमज्जाको कुरा मात्र गराइयो । हँसिलो मुख मात्र देखाउँथ्यो । नाचगान गर्दा पनि कहिल्यै गलेको, थाकेको देखाइएन ।

राजा शुद्धोदनले राजकुमार सिद्धार्थको त्यो महलको चारैतिर बगैंचा बनाई पर्खालले घेर्न लगाउनु भयो । त्यसको भित्र सुखी तथा आनन्दित भाव प्रदर्शित हुने हँसिलो चेहदाका युवाजन मात्र जान पाउँथे । महलभित्र यदि कोही बिरामी भए त्यसलाई तुरून्त बाहिर ल्याइन्थ्यो । निको नहुन्जेलसम्म भित्र जान दिइन्दैनथ्यो । राजकुमारलाई कुनै पनि हालतमा बाहिर जान नदिन पहरेदारहरूलाई कडा आज्ञा दिइएको थियो । ■

## मेरी आमा

✍ श्रामणेर संघरक्षित, संघाराम

गाउँका गोठ तथा पँधेरीमा बसी ।
मेरी आमा मलाई हेरिरहेकी होलीन् ॥
गहभरी आँशु नै आँशु पारी ।
मलाई आशिर्वाद दिइरहेकी होलीन् ॥
कि म जीवनमा केही बन्न सकूँ ।
बहुजनको हित हुने काम गर्न सकूँ ॥

× × ×

मेरी आमाको आँशुले दिएको आशिर्वाद ।
नजाओस् खेर अनि बन्न सकुँ केही ॥
शीतल छाहारी सरी, गर्मीमा ।
न्यानो ओछ्यान सरी, जाडोमा ॥
गर्न सकुँ धेरैको हितै हित ।
हुन्छ यसैबाट मेरी आमाको जीत ॥

× × ×

बुद्ध ! म तापाईंको शरणमा आएँ ।
तपाईंले देखाएको मार्गमा जान सकूँ ॥
बुद्ध धर्म राम्रोसंग बुझ्न सकूँ ।
संघको शरणमा गइरहन सकूँ ॥
मेरी आमाको सपना साकार गर्न सकूँ ।
मेरी आमाको मूहार हँसाउन सकूँ ॥

## स्वागत गाना

✍ वेखारत्न शाक्य, यल

स्वागतम् ! स्वागतम् !! स्वागतम् !!!
लसकुश याना हृदय निसें
स्वायापुन्हीया उपलक्षस
नीन्यादं व् पीछ्दं क्यंगु शुभ दिनया
बुद्धया गुण स्मरण याना ।
बुद्ध व बुद्धया धर्म सम्बन्धि
मदयकं मगागु ज्ञानत तया
न्ह्चसः लिसः कासा न्यायेका थौं
रजत जयन्ती माने याना ।
चाःगु नुगलं फुथे जिमिसं
बुद्धया न्ह्योने श्रद्धा तया
बुद्ध लुमंका ज्ञानी जुया
स्वागत म्ये थौं हाला च्वना ।



Downloaded from http://www.dhamma.digital

# भगवान बुद्धको चीवर, भिक्षापात्र र डंडा

✍ गंगालाल त्यौ

भगवान बुद्धले धर्म प्रचार गर्नु अघि भारतीय समाजमा जातिय भेदभाव र छुवाछुत भएकोले त्यसबेलाका मानिसहरू ब्राह्मण धर्म देखेर असन्तुष्ट थिए भन्ने कुरा पूजापाठ र कर्मकाण्ड विरूद्ध चलाइएको विचारधाराले पनि थाहा पाउन सकिन्छ । छान्दोग्य र वृहदारण्यक उपनिषदमा पूजारीपनलाई झूठा र कर्मकाण्डलाई पाखण्डी भनिएकोले पनि छर्लङ्ग हुन्छ । भगवान बुद्धले जातीय भेदभाव, छुवा-छुत, मूर्तिपूजा, यज्ञ होम आदि विरूद्ध शिक्षा फैलाएपछि समाजबाट तिरस्कार गरिएका, ब्राह्मणवाददेखि रिसाएका, जातीय भेदभाव नराख्नेहरूले बुद्धको शिक्षालाई आत्मसात गरी भारतका चारौंतर्फबाट आई बुद्धको शिक्षाको अनुशरण गरे । केही कालपछि यो शिक्षा भारतको कुना काप्चामा खोलाको बाढी आए जस्तै फैलिन थाले । बुद्धको परिनिर्वाण पछि पनि यो शिक्षा भारतमा मात्र सीमित नरही भारतबाट सर्दै मध्य एसियाको हरेक देशहरूमा समेत फैलियो । मध्य एसियाका मानिसहरूले बुद्ध शिक्षालाई हृदयंगम गरी पाचौं देखि छैंठौं शताब्दीको मध्यकालीन युगलाई बुद्ध युग भन्न सुहाउने गरी यस शिक्षालाई उच्च शिखरमा पुऱ्याएका थिए । ती युगसम्म पनि भगवान बुद्धको चीवर, भिक्षापात्र र डंडा विद्यमान थियो भन्ने कुरा विभिन्न योगीहरूको यात्रा विवरणबाट थाहा पाउन सकिन्छ ।

भगवान बुद्धको चीवर, भिक्षापात्र र डंडा बारे थाहा दिने पहिलो यात्री भिक्षु नरेन्द्र यश थिए । (विस्मृटयात्री – राहुल सांकृत्यायण) नरेन्द्र यश स्वाट (पाकिस्तान) देशका निवासी थिए । यीनले ५२८ ईस्वीमा स्वाटबाट मध्य यशिया हुँदै चीन गएको थियो । चीन जाने क्रममा यिनी नगरहार भन्ने ठाउँमा पुगे र त्यहाँ यीनले एउटा विहार देखेका थिए, जसमा भगवान बुद्धको चीवर र खत्तर डंडा राखिएको थियो । त्यहाँबाट यिनी उत्तरपूर्व उपत्यकाको बीचमा रहेको विहारमा गए । त्यस विहारमा गोषिष चन्दनबाट बनेको बुद्धको खत्तर डंडा राखिएको थियो । त्यहाँबाट यिनी दक्षिणपूर्वतिर लागे र त्यहाँ यिनले दुई तीन तल्ला अग्लो भवन देखेका थिए, जसमा बुद्धको खत्तर डंडा र चीवर राखिएको थियो । त्यहाँबाट यिनी कपिशा देशको राजधानी पुग्दा यिनले एउटा पुरानो राज विहार देखेका थिए । जसमा प्याजीं (Purple) रंगको बुद्धको कपाल राखिएको थियो, जुन घुमाउरो भएर एक अंगुल भन्दा कम थियो । त्यहाँबाट यिनी गांधारको राजधानी पुरुषपुर (पेशावर) मा आए । त्यहाँ यिनले भग्नावशेष अवस्थामा रहेको एउटा कनिष्क विहार देखेका थिए । जसमा तथागतका भिक्षापात्र राखिएको थियो । पुरुषपुरका शासक मिहिर कुलले विहार ध्वस्त पारी ती भिक्षापात्र निकाली फोडी दियो । पछि फेरि यसलाई जोडी राजाको हातबाट टाढा राख्न अर्को देश वाहिलगमा लगे ।

भगवान बुद्धको डंडाबारे थाहा दिने अर्को यात्री भिक्षु व्हेनसांग हुन् । व्हेनसांग चीनको चांगगान ठाउँका निवासी थिए । यिनी ६०० ईस्वीमा चांगगानबाट बुद्ध शिक्षाको खोजमा भारत प्रस्थान गरे । भारत जाने क्रममा यिनी वाहिलग नगरमा पुग्दा त्यहाँ यिनले एउटा विशाल नव संघाराम (नव विहार) देखेका थिए । जसमा भगवान बुद्धको एउटा डंडा राखिएको थियो । व्हेनसांगले देखेको डंडा आक्रमणकारीहरूबाट ध्वस्त हुनबाट जोगाउन त्यो वाहिलग नगरमा लगेको हुनुपर्छ ।

भारतका विद्वान सत्य केतु विद्यालंकारले ४६० ईस्वीमा काशगरका राजाले चीनको दरवारमा भगवान बुद्धको चीवर दिई पठाएको भनाईले भिक्षु योगीहरूले देखेका तथागतका चीवर, भिक्षापात्र र डंडाहरू आक्रमणकारीहरूको मारबाट जोगाउन भारतबाट मध्य एसियामा लगेको हुनुपर्छ । तर मध्य एसिया पनि बर्बर हरूको आक्रमणबाट बच्न सकेन । पाँचौं शताब्दीतिर हुण सरदार तोरमाण र मिहिरकुल (बाबु छोरा) ले मध्य एसियामा आक्रमण गऱ्यो । यो आक्रमणले बुद्धकालीन कलाकृतीहरू यति विनाश गऱ्यो जसले गर्दा विश्व कलाकृतिको इतिहासमा यो एउटा ठूलो विध्वंशकारी घटना नै भयो । बाबु छोराको आक्रमणबाट केही



Downloaded from http://www.dhamma.digital

बचेखुचेका बुद्धकालीन कलाकृतीहरू छैठौं शताब्दीको उत्तरार्द्धतिर अरब मुसलमानहरूले सखाप पारिदियो र पछि मध्य एसियामा बुद्ध र धर्म खालि नाम मात्रको रहन गयो ।

ती भगवान बुद्धका चीवर, भिक्षापात्र र डंडा, आज विश्व सामु छैन । यी चीजहरू कति आक्रमणबाट नष्ट भयो होला, कति त मध्य एसियाको धरतीमै विलुप्त भएर गयो होला । तथागतका चीवर भिक्षापात्र र डंडाहरू विश्वको धरतीबाट विलीन भएर गएकोले त्यो विनाशकारी आक्रमण मानव हृदयमा दु:ख लाग्ने घटना हुनगयो । तर कुनै चीजको विनाश हुन्छ भने कुनै चीजको नयाँ शुरूवात पनि हुन्छ । कुनै चीजको शुरूवात हुन्छ भने कुनै चीजको विनाश पनि हुन्छ । यो प्रकृतिको नियम भएकोले त्यो विनाशकारी आक्रमणको फलस्वरूप चीनको द्वार भएर बुद्ध शिक्षा जापान, कोरिया, मलेशिया, लाओस आदि देशहरूमा फैलिन थाले र त्यहाँका जनताहरूले पनि मानव कल्याणको बाटो देखाउने शिक्षा भएकोले नै आत्मसात गरेर यो शिक्षा आज विश्वको इतिहासमा कतिपय देशहरू बुद्धमार्गी देश कहलिन थाले भने कति देशमा त यो शिक्षाले राजकीय सम्मान पाए ।

■

---

# पुस्तिक समिक्षा

*प्रकाशक :* युवक बौद्ध मण्डल
लोककीर्ति महाविहार, ल.पु.
फोन नं. ५३८४१३
पुन : छाप्नको लागि चन्दा रु. ५०/–

## Y.M.B.A. प्रार्थना पुस्तिका

प्रस्तुत पुस्तिका ठूलो पत्रिकाको आकारमा छापिएको छ । युवक बौद्ध मण्डलको नीलो र अत्यन्त महत्त्वपूर्ण उपयोगी पुस्तिकाको रूपमा रहेको यसमा बुद्धि बिलासिता देखाउने खालका विद्वानहरूको लेखहरू समावेश छैनन् । प्रस्तुत पुस्तिकामा युवक बौद्ध मण्डलको पूरा परिचय र गतिविधिहरू बारे तस्वीर समेत राखिएको छ । बिदेशीहरूको लागि पनि उपयुक्त बनाउन अंग्रेजी भाषामा पनि अनुवाद गरिएको छ ।

पञ्चशीलदेखि त्रिरत्न गुणस्मरण (पूजा पाठ), बुद्धले प्रतिपाद गर्नुभएको चतुआर्य सत्य, आर्य अष्टाङ्गिक मार्ग र प्रतित्य समुत्पाद (हेतु फलवाद) तथा मानिसको उत्थान र पतन कसरी हुन्छ तथा सामाजिक व्यक्तिहरूले परस्पर कर्त्तव्य पालन गरेमा कसरी सुखमय जीवन जिउन सक्नेछ भन्ने बारे बुद्धका महकीलो उपदेशहरू यस पुस्तिकामा समावेश भएका छन् ।

अन्वेषणकर्ताहरूका लागि काम लाग्ने खालका विषयहरू – नेपालमा थेरवाद बुद्ध धर्मको संक्षिप्त इतिहासको रूपरेखा र नेपालका थेरवादी भिक्षु भिक्षुणीहरू बस्ने विहारहरूको नामावली आदि विषयहरू पनि यसमा उल्लेख गरिएका छन् । यति मात्र होइन बुद्ध परिनिर्वाण पछि बुद्ध धर्मावलम्बीहरू कतिसम्म साम्प्रदायिक रूपमा विभाजित भए भन्ने बारे चित्र सहित प्रस्तुत गरिएको रहेछ ।

अर्को उल्लेखनिय कुरो, शुद्ध बुद्ध धर्ममा बुद्ध परिनिर्वाण पछि कुन कुन सालमा थेरवाद, महासांघिक, महायान र बज्रयान भनेर मतमतान्तर बिकृतिहरू उत्पन्न भए भन्ने विषयमा पनि राम्रोसंग उल्लेख गरिनुका साथै अरू पनि थुप्रै महत्त्वपूर्ण कुराहरू उक्त पुस्तिकामा समावेश भएको छ ।

Y.M.B.A. ले प्रस्तुत पुस्तिका छापेर अति महत्त्वपूर्ण र सराहनीय कार्य गरेको छ भन्नुमा अत्युक्ति नहोला । जसले गर्दा अरू बौद्ध संघ संस्थाहरूको लागि यस पुस्तिका प्रेरणात्मक स्रोत बन्ने देखिन्छ ।

✍ मेघदूत



Downloaded from http://www.dhamma.digital

# बौद्ध जागरण शिविरको अनुभव

✍ सुनमाया तामाङ्ग

२०५४ जेठ २५ गते देखि दुर्गम सेवा समाज तथा बौद्ध कुल परम्परा संस्थाको संयुक्त आयोजनामा जोर पाटी गा.वि.स. वडा नं. ४ खगेन्द्र नवजीवन केन्द्रमा संचालित तिन दिने बौद्ध जागरण तथा प्रशिक्षण शिविर मा मैले पनि भाग लिने मौका पाएकी थिएँ।

शेर्पा, गुरूङ्ग, तामाङ्ग, योलमो, नेवार आदि जातीका मानिसहरू पनि संलग्न रहेको उक्त शिविरमा टाढा टाढा देखि आई भाग लिएका लामाहरूका लागि गाँस वासको राम्रो ब्यवस्था मिलाइएको थियो।

रिम्पोर्छेज्यूले मोलम् पाठ गर्नुभई थालनी गर्नु भएको सो शिविरमा मुख्य अतिथी माननीय मन्त्री श्री बुद्धिमान तामाङ्ग हुनुहुन्थ्यो। आफ्नो मन्तब्य ब्यक्त गर्नुहुँदै मन्त्रीज्यूले भन्नुभयो – "हाम्रो देशमा बुद्ध धर्म लोप भइरहेकोले त्यसलाई जोगाउन यस प्रकारको शिविर र प्रशिक्षण कार्यहरू बारम्बार विभिन्न गाउँहरूमा संचालन गर्न आवशयक भएको देखिन्छ।

कार्यक्रममा पाल्नु भएका रिन्पोछेले कार्यक्रम संचालनका लागि संस्थालाई रु. १०,०००/– (दश हजार) चन्दा स्वरूप प्रदान गर्नुभएको थियो।

शिविरमा गुरु ङवाङ्ग वोशेर लामाज्यूले "पञ्चशील र बोधिसत्त्व (जीन पुत्रका) सैंतिसौं बोधिचर्या" बारे झण्डै साढे तीन घण्टा लामो समयसम्म प्रवचन गर्नुभएको थियो। प्रवचनमा धर्म के हो र हामीले मनमा शान्ति पाउनका लागि के कस्ता धार्मिक कार्यहरू गर्न अनिवार्य छ भन्ने बारे ब्याख्या गर्नुभएको थियो।

आचार्य श्री कमल लामाज्यूद्वारा बोधि चित्तोत्पाद विषयमा प्रवचन दिनुभएको थियो भने भिक्षु अश्वघोष महास्थविरज्यूद्वारा बुद्ध जीवनीका साथसाथै विभिन्न ब्यवहारिक घटनाहरूलाई प्रस्तुत गर्नुहुँदै मार्ग दर्शन गर्नुभएको थियो। यसपछि पुनः गुरु ङवाङ्ग वोशेर लामाज्यूले सैंतिसौं बोधिसत्त्वको आचरण बारे ब्याख्या गर्नुहुँदै विभिन्न सहभागीहरूबाट आएका प्रश्नहरूको जवाफ दिनुहुँदै सहभागीहरूको जिज्ञासा पूरा गर्नुभएको थियो।

शिविरको समापन समारोहका दिन डा. केशवमान शाक्यज्यूले षट पारमिताको ब्याख्या गर्नुभएको थियो भने हर्षमुनी शाक्यज्यूले बौद्ध धर्म र यसको इतिहास बारे संक्षिप्त वर्णन गर्नुभएको थियो। यस कार्यक्रममा टुल्कु छोकी निमा रिम्बोर्छेज्यूलाई पवित्र खादा चढाई सत्कार गरेका थिए भने शिविरमा तालिम लिनुहुने सबैलाई रिम्बोर्छेद्वारा प्रमाणपत्र प्रदान गरिएको थियो।

बुद्धको जीवनी पढेदेखि मेरो मनमा एउटा कुरा खट्किरहेको थियो। पिपलको रूखमुनि बसेर बुद्धले कस्तो ज्ञान पाउनु भएको होला, शान्तिको निमित्त के गर्नु पर्दोरहेछ आदि। तर यसको ठीक जवाफ भने कतैबाट पाउन सकिराखेकी थिइन्। गुरु ङवाङ्ग वोशेर लामाज्यूले मलाई यस शिविरमा भाग लिने मौका दिनु भएको कारणले मैले अमूल्य प्रवचनहरू सुन्ने मौका पाएँ। फलस्वरूप मैले थाहा पाएँ, मैले बल्ल सही धर्मको बाटो चिन्ने मौका पाउँदैछु। किनभने धर्म भनेको नै आफ्नो मनमा दया र करूणा हुनुलाई भनिंदो रहेछ। मुखले मात्र मीठो बोली मनको कपटीपन हुनुलाई धर्म भनिंदो रहेनछ। शान्ति पाउनका लागि त हामीले संधै आफूमा राग, द्वेष र मोहलाई त्याग्नु पर्दोरहेछ। बुद्धले सिकाउनु भएको पाँचवटा शीललाई पालन गर्नु पर्दोरहेछ। अरूको हत्या नगर्ने अर्थात् बलि नचढाउने, आफ्नो समस्या र अरूको समस्या एउटै हो भन्ने ठानी अरूको अहित नगर्ने, अरूको चित्त नदुखाउने र झूठो कुरा बोलेर अरूलाई भ्रममा नपार्ने, अरूका स्त्री, पती, छोरी, बहिनी आदिमा नराम्रो मोह दृष्टिले नहेर्नु। संधैं सचेत रही रक्सी, सुर्ती आदि अमल पदार्थहरू सेवन नगर्नु जसले हमीलाई एकै दिनमा शत्रु बनाइदिन्छ। आफूबाट हुन पुगेका गल्तीलाई महसुस गर्न सक्नुपर्छ। समाजमा अरूलाई अप्ठचारो हुने कार्य नगरी ज्ञानी बन्ने चेष्टा गर्ने मानिस बादलबाट मुक्त चन्द्रमा जस्तै झल्किन थाल्छ। जसले चारैतिर उज्यालो र शीतलता प्रदान गर्न सफल हुनेछ। त्यसैले धार्मिक बनी शान्ति प्राप्त गर्नका लागि आफ्नो मनमा राग, मोह, द्वेष जस्ता पाप चित्तहरूलाई त्यागी करूणाको सागर बन्नु पर्दोरहेछ।



Downloaded from http://www.dhamma.digital

माथि उल्लेखित अमूल्य प्रवचनहरू सुने जस्तै यसलाई आफ्नो जीवनमा प्रयोग गर्न सकेको खण्डमा आफ्नो जीवनलाई स्वर्ग बनाउन सकिंदो रहेछ । यस्ता अमूल्य प्रवचनहरू बुझ्ने मौका पाएकोले एकतर्फ खुशी लाग्यो । तर यस्तो भाग्यलाई शहरीयाहरूले मात्र होइन गाउँघरका दुर्गम क्षेत्रहरूमा पनि शिविर चलाउन पाएको खण्डमा उनीहरूले पनि आफ्नो मनका आँखा खोल्ने मौका पाउने थिए होलान् ।

धर्मलाई बुझ्नु र यसलाई रक्षा गर्नु सबै धर्मावलम्वीहरू र संघ संस्थाहरूको कर्तब्य हुन आउँछ । हामी नेपालीले मौकामा धर्मलाई रक्षा गर्न सकिएन भने बुद्धको अस्तित्त्व उहाँको यस जन्मभूमी नेपालमा नरहेर बिदेशिने डर हुन्छ ।

मलाई शिविरमा सहभागी बन्ने मौका गुरु ङवाङ्ग वोशेर लामाज्यूले दिनुभयो भने यस शिविरबारे लागेको अनुभव लेख्न हौसला पनि उहाँले नै दिनु भएको हो । तसर्थ म गुरुप्रति आभारी छु । साथै बौद्ध जागरण तथा प्रशिक्षण शिविरमा आयोजक दुर्गम सेवा समाज, हिमाली बौद्ध कुल परम्परा संघका इन्द्रबहादुर तामाङ्ग र शिविर मा आउनुभएका साथी धर्मलामाज्यूले मलाई धेरै सहयोग पुऱ्याउनु भएकोमा उहाँलाई पनि धन्यवाद टक्रचाउन चाहन्छु । ■

## "बौद्ध संघ संस्थामा कुशल नेतृत्वको आवश्यकता"

✍ नानी शोभा महर्जन
ब्रम्हटोल, मुसुमबहाल "यैं"

बुद्ध धर्म उन्नति र अभिबृद्धि गर्ने उद्देश्यले यहाँ विभिन्न बौद्ध संस्थाहरूको जन्म भएको छ । तिनमा कुनै संस्थाहरू सक्रिय छन् भने कुनै संस्था निष्कृय देखिन्छ । फेरि कुनै संघ संस्थाहरू वैशाख पूर्णिमाको दिन बुद्ध जयन्तिको उपलक्ष्यमा एकपटक मात्र ब्युझिने खालका छन् त कुनै नाम मात्रका संस्थाहरू पनि छन् । तर जे होस् यसरी बौद्ध संघ संस्थाहरू खोलिदै जानुलाई पनि सकारात्मक दृष्टिले हेर्न सकिन्छ किनकी बौद्ध समाजलाई संगठित ढंगले विकास गर्न यिनले केही सहयोग त अवश्य पुऱ्याएका हुन्छन् । तर भइरहेको संस्थाहरू मध्ये कतिपय संस्था निष्कृय हुनुका विभिन्न कारण मध्ये कुशल नेतृत्वको अभाव एउटा प्रमुख समस्याको रूपमा देखिएको छ । वास्तवमा कुनै पनि संघसंस्था सफल वा असफल हुनु धेरै हदसम्म त्यस संस्थाको नेतृत्व लिने व्यक्तिमा निर्भर गर्दछ । तसर्थ बौद्ध संस्थाहरूलाई सुव्यवस्थित ढंगले संचालन गर्न र गराउन प्रभावशाली नेतृत्व दिन सक्ने नेताको आवश्यकता देखिन्छ ।

नेतृत्व लिन सक्ने गुण संस्थामा संलग्न सबै व्यक्तिमा नहुन सक्छ । संस्थामा यस्तो योग्यता भएको व्यक्तिले नेतृत्व लिएको हुनुपर्दछ, जसले हरबखत संगठनात्मक लक्ष्यतर्फ उन्मुख हुनुका लागि प्रयास गर्दछ, उत्प्रेरित र उत्साहित गर्दछ । तसर्थ नेतृत्व लिने व्यक्तिमा ती व्यक्तिगत गुणहरू हुनुपर्दछ । जसबाट उसले आफ्नो मातहतमा रहेको समूहलाई कुशलताका साथ नेतृत्व गर्न सकोस् । ऊ मानसिक रूपबाट प्रबुद्ध, पेशाको दृष्टिले योग्य तथा आचरणको दृष्टिले सच्चा, इमान्दार, मेहनती एवं निष्ठावान ब्यक्ति हुनुपर्दछ । बौद्ध संस्था जस्तो संगठनलाई नेतृत्व प्रदान गर्ने ब्यक्तिले कम्तीमा पनि पञ्चशील पालन गरेको हुनुपर्दछ । शील सदाचारले सम्पन्न ब्यक्तिमा नै ब्यक्तित्व झल्किन्छ । सो ब्यक्तित्वले नै अन्य सदस्यहरूलाई प्रभावित गर्नसक्छ उनीहरूको विश्वास जित्न सक्छ । यदि उ नैतिक र चारित्रिक गुणले सम्पन्न छैन भने आफ्ना अनुयायी सदस्यहरूले उसको अनुशरण कम र आलोचना बढी गर्ने हुन्छ । फलतः उ नेतृत्व गर्न असफल हुन्छ । बौद्ध साहित्यमा पनि नेतासंग छ प्रकारका गुणले युक्त हुनुपर्दछ भनि उल्लेख भएको छ । ती हुन् –

(१) क्षमा गुण (२) जागरिय गुण (जागृत भइर हेको गुण) (३) उट्ठान गुण (४) दया गुण (५) संबिधान गुण (ठीक बेठीक छुट्याउन सक्ने गुण (६) दूरदर्शिता (Foresight) ।

(१) **क्षमा गुण** – संस्थाको प्रमुख ब्यक्तिमा सहन सक्ने गुण हुनुपर्दछ । सहनशीलतालाई उत्तम नीति ठान्नु पर्दछ । सहनशीलता कमजोर मनबाट उब्जेको उपज होइन, यो त धार्मिक मनोवृत्तिबाट जन्मेको भावना हो । यही सहनशीलको हतियारले आफ्नो सम्पर्कमा आउने अनुयायीहरूसंग सौहार्द्र सम्वन्ध कायम राख्न सक्छ ।



Downloaded from http://www.dhamma.digital

सानातिना कुरामा पनि तुरुन्तै जोशिने, रिसाउने, घमण्ड गर्ने व्यक्तिले भरपर्दो नेतृत्व लिन सक्दैन। अरूबाट प्रशंसा मात्र होइन आलोचना पनि सुन्न सक्ने गुण हुनुपर्दछ। स्वभावले मान्छे जति जति ठूलो (विद्वान) हुदैजान्छ उति नै उसले अनेकौं दुःख कष्ट एवं विभिन्न प्रहारहरूको सामना गर्नुपर्ने हुन्छ। जसरी वत्ती भएको ठाउँमा छाँया हुनु स्वाभाविक हो र बत्ति नभएको अँध्यारो ठाउँमा भने छायाँ पनि हुँदैन, त्यसरी नै काम नगरी चुपलागी बस्ने व्यक्तिलाई आलोचना प्रत्यालोचना आउँदैन। वास्तवमा आलोचना प्रत्यालोचनाबाट डराएर कामै नगरी चूप लागेर बस्नु बुद्धिमानी होइन। कामको सिलसिलामा सो व्यक्तिलाई निन्दा आउन सक्छ। तर जे होस् संस्थाको प्रमुख व्यक्तिमा विभिन्न प्रतिकूल परिस्थितिमा पनि बिचलित नभई काम गर्न सक्ने क्षमता हुनुपर्दछ।

(२) **जागरिय गुण (जागृत भइरहने गुण)** – संघ संस्थाको नेतामा जागृत भइरहने गुण हुनुपर्दछ।

उसले संस्थाको प्रत्येक क्रियाकलापमा चासो लिनुपर्दछ। संस्थाको उद्देश्य अनुसार कार्य भएको छ कि छैन ? संस्थाले आफ्नो सीमा नाघेर काम गरेको छ कि ? यसरी संस्थाको सम्पूर्ण क्रियाकलापमा होश पुऱ्याउनु आवश्यक छ। अन्यथा समयमै निराकरण गर्न नसकी समस्याकै घेरामा रूमल्लिनु पर्ने हुन्छ।

(३) **उद्वान गुण** – कोशिस वीर्य जगाई राख्न सक्ने गुण हुनुपर्दछ। अल्छी भावना हुनु हुँदैन। वास्तवमा मेहनतले नै मानिसलाई महानता तर्फ दोऱ्याउँछ। तसर्थ संस्थाको प्रमुख व्यक्ति परिश्रमी हुनुपर्दछ।

(४) **दया गुण** – संस्थामा नेतृत्व लिने व्यक्तिले आफ्नो अनुयायीहरूलाई काममा उत्प्रेरणा जगाउन दया र मैत्रीपूर्वक व्यवहार गर्नुपर्दछ। धार्मिक संस्थामा व्यक्तिहरूले बिना पारिश्रमीक स्वेच्छाको भावनाले काम गरेका हुन्छन्, तसर्थ डर, त्रास, धम्की, दण्ड, संजाय आर्थिक प्रलोभनको भरमा नेतृत्व गर्ने व्यक्ति टिक्न सक्दैन। प्रिय वचनले व्यवहार गर्नुपर्दछ। त्याग चेतना हुनुपर्दछ अर्थात् संस्थाको हितमा आफ्नो स्वार्थ समर्पण गरेको हुनुपर्दछ।

(५) **संबिधान गुण** – संस्थामा कार्यको सिलसिलामा विभिन्न निर्णय लिनुपर्ने हुन्छ। अर्थात् कुन कुरा ठीक कुन कुरा बेठीक भन्ने छुट्याउनु पर्ने हुन्छ। यसको लागि उसमा आत्मविश्वास (Self Confidence) हुनु आवश्यक छ। आत्मविश्वासको लागि सो नेतृत्व लिने व्यक्ति बौद्धिक रूपमा सक्षम त हुनै पर्दछ, त्यसको अलावा संस्थाको प्रत्येक क्रियाकलाप बारेमा, संस्थामा संलग्न, व्यक्ति बारेमा संस्थाको आर्थिक गतिविधि जस्ता सम्पूर्ण कुरामा पूर्ण ज्ञान हुनु आवश्यक छ। अन्यथा आत्मविश्वास कम भएको व्यक्ति अरूको लह लहैमा लाग्ने बानी हुन्छ। जसले गर्दा संस्थामा अनावश्यक विवाद कलहले आश्रय पाउँछ।

(६) **दूरदर्शिता** (Foresight) – हरेक विषयमा विचार गर्न सक्ने गुण नेतृत्व लिने व्यक्तिमा हुनु आवश्यक छ। कल्पना शक्ति, परिस्थिति अनुमान लगाउन सक्ने क्षमता हुनुपर्दछ। संस्थामा विभिन्न परिस्थितिमा तुरुन्तै निर्णय लिनुपर्ने हुन्छ। यस्तो अवस्थामा परिस्थितिलाई बुझेर अनुयायीहरूको सोचाई विचार र दृष्टिकोणलाई पनि समेट्नुपर्ने हुन्छ।

यसरी संघ संस्थामा नेतृत्व लिने व्यक्तिमा यी गुणहरू हुनु आवश्यक छ। यो घर परिवारमा पनि अपवादको रूपमा छैन। किनकी घरमा सुख-शान्ति सुव्यवस्था हुने कुरा धेरै हदसम्म घरको मुख्य व्यक्ति अर्थात् थकालीमा भर पर्दछ। उसले घरमा राम्रोसंग चाँजोपाजो मिलाउनु पर्दछ अर्थात् परिवारको सदस्यहरूमा कामका उचित विभाजन, उचित निर्देशन, नियन्त्रण र राम्रो व्यवहार गर्न सकेन भने तालमेल नभई दाजु भाई, सासु बुहारी, छोराछोरी बीच अनावश्यक झैं-झगडा उत्पन्न हुन्छ। तसर्थ घर गृहस्थमा होस् वां संघ संस्थामा होस् सुव्यवस्थित ढंगले संचालन गर्न नेतृत्व गर्ने व्यक्तिमा यी नेतृत्व सम्बन्धी गुणहरू हुनु आवश्यक छ। तर यहाँ बौद्ध संस्थाहरूको गतिविधि अध्ययन गर्दा कतिपय बौद्ध संस्थामा नेतृत्व दिन सक्ने सक्षम व्यक्तिको अभाव देखिन्छ। कुनै संस्थामा नेतृत्व लिने व्यक्तिमा धर्म सम्बन्धी ज्ञान छ तर नेतृत्व सम्बन्धी गुणको अभाव छ भने अर्को तर्फ कुनै संस्थाको नेतामा नेतृत्व सम्बन्धी गुण छ तर धर्म सम्बन्धी ज्ञानको कमी छ। धर्म सम्बन्धी गहिरो अध्ययन तथा नेतृत्वको गुण दुवै भएमा त्यो व्यक्तिले बौद्ध संस्थालाई स्वच्छ रूप दिई बुद्ध धर्म प्रचार प्रसारमा बढी योगदान दिनसक्ने कुरालाई नकार्न सकिंदैन। यसर्थ संघ संस्था सुव्यवस्थित ढंगले संचालन गरी बुद्ध धर्म प्रचार प्रसार कार्यमा आजका प्रत्येक बौद्ध नेताले माथिका गुणलाई अँगाल्नु अति आवश्यक देखिन्छ। ■



Downloaded from http://www.dhamma.digital

# न्यायाधिश छेल्हा देउता र वकिल धामीको निन्दनीय ब्यबहार

✍ प्रस्तुतिः प्रा. लामा ङवाङ् वोशेर

आजको बैज्ञानिक युगमा पनि कुना काप्चामा रहेका सीधा साधा मानिसहरूलाई देउताको निहुँ गरी बोका र कुखुराको गर्दन रेट्न लगाई शोषण गर्ने, झुक्याउने र अन्ध विश्वासको काममा फसाउने देवभक्तहरू प्रशस्त भएको कुरा सम्बन्धित क्षेत्रका मानिसहरूबाट सुन्न पाइन्छ। त्यस्तो हुनुको मूल कारण स्थानीय जनताहरू अशिक्षाको कारणले पनि होला। त्यस्तो कुकर्म गर्नेहरूमध्ये डोल्पा जिल्ला, छेल्हा गाउँको धामी पनि कुख्यात भएको कुरा भोट दुर्गमका मानिसहरू बताउँछन्। उहाँले गाउँ घरमा केही कारणबश अप्रिय घटना घट्यो वा चोरी भयो जग्गाबारी र घाँसपात गर्दा मानिसहरू बीच सामान्य झै-झगडा परेर समस्या टुङ्गो लागेन भने छेल्हाको देउतालाई भेडा, बाखा र कुखुरा काटेर घुस दियो भने देउताले सत असत देखाइदिने झुठो आश्वासन दिई निरिह पशुको हत्या गराउने र त्यस्तै गाउँमा कुनै कारणबश मान्छे मरेको वा कुनै नराम्रो घट्ना भयो भने त्यो छेल्हा देउताले गरेको हो भनी सिधासाधा मानिसहरूलाई अन्यौलमा पार्ने गरेको कुरा विश्वसनीय सूत्रबाट थाहा भएको छ। तर अचम्मको कुरा के छ भने, नराम्रो काम गरे बापत दोषी मानिसलाई देउताले दण्ड दिने न्यायोचित कुरा हो त्यो गरे बापत फेरि बाखा र कुखुराको गर्दन रेटेर भोग दिएन भने सज्जन मानिस पनि खत्तम पार्छ भन्छ। यो चाहिं कहिल्यै नसुनेको नौलो कुरो छ। धामीजी त्यस क्षेत्रका मानिसहरूको भनाई अनुसार तपाईंको छेल्हा देउताले पशुहरू त प्रत्यक्ष (देखादेखी) खाने नै भयो, अप्रत्यक्ष रूपमा मानिस पनि खाने रहेछ होइन ? वास्तवमा निरीह पशुको भोग खाएर मान्छे मार्ने काम देउताले कदापि गर्दैन यो त देउताको नाममा धामीको भुंडी भर्ने काम होला। भोट दुर्गममा पहिला पहिला केही कारणबश कोही मानिसहरू भीरबाट खसेर पानीमा परेर वा अकालमा परी मऱ्यो भने छेल्हा देउताको खेल हो भनी भन्छ रे। देउताले पनि यस्तो मान्छेको ज्यान मार्ने काम गर्छ र ? धामीजी वास्तवमा देउताथानमा पूजा गर्नु भनेको मानिसको आयु लामो होस्, अकालमा परी नमरोस्, सुख संबृद्धि बढोस्, ब्यापार राम्रो होस्, देशमा वालीनाली सप्रियोस्, जिन्दगीको यात्रा सफल होस् र पर लोकमा स्वर्ग पुगोस् भन्नको लागि हो तर भेडाबाखा र कुखुराको भोग खान पाएन भने सज्जन र दुर्जन मानिस दुबैलाई खाईदिने देउताको पूजा गरेर के गर्ने ? यस्तो राक्षसको व्यवहार गर्ने भूत हुन्छ, देउता हुन्दैन।

***त्यस क्षेत्रमा मानिसहरू छेल्हा देउता र धामीको बर्णन यसरी गर्छन्–***

(१) छेल्हा देउता चाहिं त्यस क्षेत्रको न्यायाधिश हो।

(२) छेल्हाको धामी चाहिं वकिल।

(३) छेल्हाको देबस्थान चाहिं अदालत।

(४) भोट दुर्गमका मानिसहरू चाहिं बादी प्रतिवादीहरू र

(५) मृत्युदण्डको सजाय पाउनेहरू चाहिं निरीह भेडा बाखा र कुखुराहरू छन्।

यस समूहको अदालतले अभियुक्तहरूले जे जस्तो अपराध गरे पनि पहिले मुद्दा आरम्भ गर्दा कोशेली स्वरूप दुई तीनवटा भेडा बाखाका गर्दन रेट्ने काम गर्ने, दैव सन्जोगले केही दिन, महिना र वर्ष बिराएर छेल्हा देउता न्यायाधिशले दोषी मानिसलाई अप्रत्यक्ष रूपमा मृत्युदण्ड दिने, त्यसपछि सज्जन मानिसले धामी, वकील मार्फत फेरि छेल्हा देउतालाई धन्यवाद स्वरूप तीन चारवटा भेडा र कुखुरा काटेर भोज लगाउनु पर्ने, त्यसो गरेन भने सज्जन मानिसलाई पनि छेल्हा देउता न्यायाधिशले मृत्युदण्ड दिने प्रावधान छ भनी त्यस भेगका बौद्ध धर्मावलम्बीहरू ठूलो स्वर गरी भन्छन्। यो कुनै देउताको खेल नभएर गाउँ घरको टाठोबाठो बनौटे पुजारीहरूले देउताको नाउँमा स्थानीय गरिब जनतालाई शोषण गर्ने एउटा धोखेबाजि चाल हो। यस्ता रूढीवाढी, कुप्रथा हटाउन नसक्नु स्थानीय प्रशासनको पनि कमजोरी हो, यति मात्र नभई सबै धर्मावलम्बीहरूका बदनाम र बौद्ध धर्मावलम्बीहरूको बाहुल्य भएको क्षेत्रमा त्यस्तो अन्धविश्वासको काम गर्नु बौद्ध धर्मावलम्बीहरूको पनि अपमान हो। यसतर्फ सबै बुद्धिजिवी वर्गहरूको र स्थानीय निकायको ध्यान जानुपर्ने अत्यन्त आवश्यक छ। अन्यथा यसले जटिल समस्याको रूप लिने निश्चित छ।

हिमाली लामा समूह, काठमाडौं, नेपाल।

■



Downloaded from http://www.dhamma.digital

शान्तिका अग्रदूत महामानव गौतम बुद्धको पावन जन्मभूमि "लुम्बिनी" को हाताभित्र मित्र राष्ट्र जापानको तर्फबाट निर्माणाधीन "विश्व शान्ति स्तूप" को निर्माणमा कार्यरत जापानी भिक्षु "युनाताका नावातामे" लाई अज्ञात नकावधारी आतंकवादीहरूले गोली हानी गरिएको "निर्मम हत्या" ले हामी "अमृत बौद्ध परियत्ति शिक्षालय" आनन्दकुटी विहार, स्वयम्भूका समस्त शिक्षक-विद्यार्थीहरू र अविभावक वर्गलाई दुःखीत तुल्याएको छ । यस जघन्य घटनाले सम्पूर्ण बौद्धहरूलाई दुःखीत तुल्याएको मात्र नभई "न्यायप्रेमी-शान्तिप्रिय" व्यक्तिहरूलाई पनि स्तब्ध पारेको छ ।

भविष्यमा यस्ता अप्रिय घटना कतै नदोहोरियोस् भन्ने प्रार्थना गर्दै त्यस घटनाप्रति गहिरो चिन्ता ब्यक्त गर्दछौं । र दिवंगत भिक्षु "युनाताका नावातामे" ज्यूको "निर्वाण" कामना गर्दछौं ।

त्यस षडयन्त्रकारी "हत्या" सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा छानविन गरी चाँडोभन्दा चाँडो "संलग्न" अपराधीहरूको पत्ता लगाई, हत्याको रहस्य जनसमक्ष ल्याई, हत्याराहरूलाई कडा सजाँय दिलाई समस्त "शान्तिप्रिय" हरूको असुरक्षाको भावनालाई दूर गरियोस् भनि "सम्बन्धित" सबै निकायलाई जोडदार माग गर्दछौं ।

✍ अमृत बौद्ध शिक्षालय

## ज्ञान चक्षु

✍ भिक्षु विशुद्धानन्द

नयाँ जन्म दिने आमा नै रहेछ
जीवनमा धोखा दिएर भए पनि
सफलतामा भर पर्नु नहुने रहेछ
मात्र सजाउने पुरस्कार भएपछि
भर पर्ने मित्र खोज्नु नपर्ने रहेछ
असफलतासंग मिलन भएपछि
वरदान दिने ढुंगा देवता नै रहेछ
बाटोमा ठक्कर खुवाएर भएपनि
संजीवनी बुटी सहजै पाइने रहेछ
अहंकारलाई जित्नु जाने पछि
सुखको लागि भौंतारिनु नपर्ने रहेछ
दुःखसंग प्रीति लाउन थाले पछि
आत्म निर्भर बनाउने गुरु नै रहेछ
मझधारमा नाउ डुबाएर भए पनि

नमो बुद्धाय् !

### ज्ञानमाला भजन खलः स्वयम्भूया विरोध विज्ञप्ती

विश्व शान्तिई सुथांलाक्क तिबः बीगु तातुना विश्व न्यंकनं विश्व शान्ति चैत्य दयेकेगु महान बिचाः तयाबिज्याम्ह अतिकनं हनेवहःम्ह निचीदात्सु फुजी गुरुया इच्छा व जापानी बौद्धजनपिंगु तःधंगु तिबलं विश्वय् दकले तजायक दयेकेत्यंगु "विश्व शान्ति चैत्य" दयेके ज्याय् प्यदँ न्ह्यवलंनिसें लुम्बिनी मदिक थातं च्वंच्वना बिज्याम्ह मृदुभाषी भिक्षु युनाताका नावातामेजुया हत्या जुल धइगु बुखं ज्ञानमाला भजन खलः स्वयम्भूया सकल जः बुजःपिं अत्यन्त दुःखी, मर्माहत व स्तब्ध जूगु दु ।

विश्वया अल्याख शान्तिप्रिय, न्यायप्रिय जनतायात स्तब्ध व दुःखी याइगु घटनाया निन्दा न्ह्याक्व याःसां गाइमखु । नेपाःया धार्मिक सहिष्णुतायात हाथ्या बिइकथं न्ह्योने दंवःगु थ्व घटनां संसारया ब्याक्क मनूतयत् दुःखी व स्तब्ध यानाब्यूगु दु धयागु ज्ञानमाला भजन खलःनं तायकूगु दु ।

पोखराया अन्दु गुँच्वय् दयेकुगु विश्व शान्ति चैत्य छुं दँ न्ह्यो विना अनुमतिं दयेकल धकाः त्वहःचिना सैनिक व प्रहरीजनपिसं लाकमं कि लाकमं च्वानाः थुनाब्यूगु घटनाया स्याः क्वमलावं थुगु जघन्य अपराध कथं भिक्षुया हत्या, लुम्बिनी थें जाःगु विश्व पवित्रतम थासय् जूगु घटनां नेपाःया ब्याक्क बौद्ध व शान्तिप्रिय जनताया छ्यों क्वछुका ब्यूगु दु ।

हिन्दू अधिराज्य नेपाः, शान्ति व सहिष्णुताया देश धका विश्वं म्हसीका वयाच्वंगु देशया शान्ति सुरक्षा ब्यवस्था गुलि फुस्कुलु व फ्यासुगु धकाः धकिं उलेज्या यानाब्यूगु दुसा सहिष्णुता नां जकया खः धयागु तायका ब्यूगु दु ।

ज्ञानमाला भजन खलः स्वयम्भू, जापानी भिक्षु युनाताका नावातामेजुया हत्यारात सुलाच्वंगु सरकारं पत्ता लगेयाये धुंकूगु दु धकाः धाःथें याकनं ज्वना जनताया न्ह्यने थने हयेत सरकारयात छसलं इनाप दु ।

✍ स्वयम्भू ज्ञानमाला भजन खलः



Downloaded from http://www.dhamma.digital



## भिक्षु युनाताका नावातामेसंग

✍ भिक्षु विपस्सी

ए युनाताका ! तिमी किन ढल्यौ ?
सम्बुद्ध शान्तिस्तूप बनाउँदा बनाउँदा
थकाइ लाग्यो कि ?
सत्य धर्म भेरी बजाउँदा बजाउँदा
शरीर गल्यो कि ?
समता आचरण सिकाउँदा सिकाउँदा
क्लान्त भयौ कि ? ॥१॥

ए नावातामे ! तिमी किन सुत्यौ ?
हुन त हो यहाँ –
बुद्धका व्यक्तित्वलाई आसुरी-लीला भन्नेहरू
अनेक छन् ।
बुद्धका उपदेशलाई आफ्नो विरोधी
नारा थान्नेहरू सबल छन् ।
बुद्धका पूजकलाई आफ्नो प्रतिद्वन्दी
योद्धा मान्नेहरू प्रबल छन् ॥२॥

त्यसैले यहाँ –
बुद्ध जन्म स्थल लुम्बिनी उपवन
अन्धकारमा छोपिन्छ ।
बुद्धका दुर्लभ वाङ्मय शास्त्रहरू
सडकमा फालिन्छन् ।
बुद्धका शान्तिस्तूप निर्माता भिक्षुलाई
गोलि मारिन्छन् ॥३॥

तर यत्तिकैमा नावातामे तिमी रूक्नु छैन ।
किनकि हामीले देखेका छौं –
बज्रासनस्थ बुद्धलाई पनि
मार-आक्रमण भएथ्यो ।
दुःख-मोचक धर्मलाई पनि
द्वेष-प्रतिवाद भएथ्यो ।
अहिंसावादी संघलाई पनि
घातक-प्रहार भएथ्यो ॥४॥

त्यसैले लुम्बिनी शान्ति-स्तूपका निर्माता
तिमी पछि नहट ।
बरू अब उप्रान्त पनि–
बुद्ध जन्मस्थल लुम्बिनीलाई
हामी पहरा दिनेछौं ।
बुद्ध-धर्मको त्यो भेरीलाई
हामी ठटाइ रहने छौं ।
तिमीलाई लागेको त्यो गोलिलाई
हामीले पनि सहनेछौं ॥५॥

अङ्ग विश्व-शान्तिका सहीद ए भिक्षु !
न छोड्, न फेर, त्यो शान्तिवृत प्रतिको श्रद्धालाई ।
नत्याग, नफ्याँक त्यो विश्वशान्तिको नारालाई ।
बरू जलाऊ, बढाउ, चढाऊ, शान्तिको दीप
मानवलाई
जाग, उठ र कम्मर कस, जगमा शान्तिको
परेड खेल्नलाई ॥६॥


Downloaded from http://www.dhamma.digital

आरम्म मिति : २०५४ श्रावण ६

नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स ।

# ई.सं. १९९७ या–उपोसथ–तालिका–नेपाल सं. १११७/८

| हेमन्त - ऋतु | | | | गृष्म - ऋतु | | | | वर्षा - ऋतु | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| का. | कृ. | १५ | Dec - 10 | फा. | कृ. | १५ | Apr - 07 | आ. | कृ. | १५ | Aug - 03 |
| मं. | शु. | १५ | Dec - 25 | चै. | शु. | १५ | Apr - 22 | श्रा. | शु. | १५ | Aug - 18 |
| मं. | कृ. | १४ | Jan - 08 | चै. | कृ. | १४ | May - 06 | श्रा. | कृ. | १४ | Sep - 01 |
| पौ. | शु. | १५ | Jan - 23 | बै. | शु. | १५ | May - 21 | भा. | शु. | १५ | Sep - 16 |
| पौ. | कृ. | १५ | Feb - 07 | बै. | कृ. | १५ | Jun - 5 | भा. | कृ. | १५ | Oct - 01 |
| मा. | शु. | १५ | Feb - 22 | ज्ये. | शु. | १५ | Jun - 20 | आ. | शु. | १५ | Oct - 16 |
| मा. | कृ. | १४ | Mar - 08 | ज्ये. | कृ. | १४ | July - 04 | आ. | कृ. | १४ | Oct - 30 |
| फा. | शु. | १५ | Mar - 23 | आ. | शु. | १५ | July - 19 | का. | शु. | १५ | Nov - 14 |

ई. सं. 16 Oct. 1997 वर्षावास समाप्ति
२०५४ आश्विन ३०

थुगु उपोसथ तालिका च्वयाविज्याम्ह भिक्षु बुद्धघोष महास्थविर
प्रस्तुतिः भिक्षु वरसम्बोधि
पाटि विहार मध्यपुर ठिमी, पाथे ।



Downloaded from http://www.dhamma.digital

**दश पारमिता**

२०५४ जेष्ठ ३२ गते, यस दिन अध्ययन गोष्ठीका धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरबाट "दश पारमिता" बारे प्रबचन दिनुहुँदै भन्नुभयो – महापुरुष कहलाउनको लागि र संसारिक दुःखबाट छुट्कारा पाउनका लागि प्रयोग गरिने निश्वार्थ भावनाले युक्त गुण धर्मलाई पारमी भनिन्छ। पारमी, उपपारमी र परमत्थ पारमी आदि गरी तीन प्रकारका पारमीहरू छन्। दश पारमितालाई बुद्ध हुने व्यक्तिहरूले मात्र पालन गर्ने पारमिता भन्ने ठान्नु हुन्न। हामीले आफूमा निश्वार्थ भावनाले युक्तभई पारमिता गुणले भर्न खोज्नु पर्छ। कुनै पनि पुण्य कार्य गर्दा भोग सम्पत्ति र निर्वाणको आशा राख्दै कार्य गर्नु त्यत्ति मिल्दैन। निश्वार्थ पूर्वक कार्य गर्न सकेमा मात्र पारमिता पुरा गर्न सक्नेछ। बुद्ध हुनका लागि अर्को ३ वटा गुण धर्महरूको पनि आवश्यकता छ। ती हुन् – (१) प्रज्ञा (२) श्रद्धा (३) वीर्य।

बोधिसत्त्व पनि ३ प्रकारका छन् –

(१) प्रज्ञा धेरै श्रद्धा कम, वीर्य ठीक मात्रामा।
(२) श्रद्धा धेरै, प्रज्ञा ठीक मात्रामा र वीर्य कम। र
(३) वीर्य धेरै, प्रज्ञा कम र श्रद्धा ठीक मात्रामा।

**प्रव्रज्या सँवर**

२०५४ आषाढ १४ गते, यस दिन श्री नरेशमान बज्राचार्यले अध्ययन गोष्ठीको साप्ताहिक कक्षामा "प्रव्रज्या सँवर" विषयमा छलफल गर्नुभयो। दिल्ली विश्वविद्यालयमा बज्रयानमा पि.एच.डी. गर्नुभएका नरेशमान बज्राचार्य बुद्ध धर्म संघका लागि एक सक्रिय कार्यकर्ता हुनुहुन्छ। बान्ह वर्षको उमेर देखिनै बज्रयान अनुसार पुजा आजामा संलग्न रहनु भएको वहाँले बज्राचार्य यानमा सुधार ल्याएर बौद्ध जागरण ल्याउन पाइला चाल्नु भएको छ।

घर त्यागी बुद्ध धर्म र संघको शरणमा गई आफूमा आइपरेका र भविष्यमा आउन सक्ने दुःखहरूलाई हटाउन सक्ने क्षमता सृजना गर्नुनै प्रव्रज्याको उद्देश्य रहेको विषयमा प्रकाश पार्नुहुँदै वहाँले प्रव्रजित व्यक्तिहरूले यी दुई अतिमा लाग्न नहुने विषयमा प्रष्ट पार्नुभयो।

(१) अति आध्यात्मिकवाद
(२) अति भौतिकवाद

धर्मको नाममा आफ्नो शरीरलाई अति कष्ट दिने र मोजमज्जा र विलासि जीवनमा भुल्ने बानीलाई त्याग्नु पर्दछ।

नेपालको इतिहासमा पहिला देखिनै शाक्य पुत्रहरूलाई चार दिन भएपनि प्रव्रजित गराउने चलन र हेको र यस सम्बन्धमा उद्देश्यहरू बारे केही ज्ञान नभएपनि प्रव्रज्या परम्परा चल्दै आएको कारणले पनि नेपालमा बुद्ध शासनको रक्षा भइरहेको कुराको उल्लेख गर्नुहुँदै वहाँले भन्नुभयो – "यस प्रव्रज्या सँवर परम्परालाई शाक्य पुत्रहरूको बीचमा मात्र सीमित नराखी बौद्ध संघ संस्थाहरूले यसलाई विभिन्न बौद्ध जनजातीहरू र अन्तर जातीय विवाहबाट जन्मेका व्यक्तिहरूमा समेत यस संस्कारलाई लागू गराउने प्रयास भइरहेको छ। फलस्वरूप गतवर्ष ६४ जवान बालकहरूलाई प्रव्रजित गरियो भने यस पालि पनि यस प्रकारको कार्यक्रम संचालन गरिदै छ। चार दिनको लागि संचालन हुने उक्त कार्यक्रमले भविष्यमा बुद्ध धर्मको मूल शिक्षालाई अध्ययन र अभ्यास गराइने योजना राखिएको छ।"

सोभियतरत्न तुलाधरको सभापतित्त्वमा संचालित त्यस दिनको अध्ययन गोष्ठीको कार्यक्रम ध्रुवरत्न स्थापितले संचालन गर्नुभएको थियो भने सुश्री मीनाशोभा शाक्यले रिपोर्टिङ्ग गर्नुभएको थियो।

**बुद्धपूजा, धर्मकीर्ति विहार**

२०५४ असार २० गते

प्रवचन – यसदिन भिक्षुणी धम्मवतीले प्रवचन दिनुहुँदै भन्नुभयो – "मानिसले जति जति आफ्नो चित्तलाई राम्रो कार्यमा एकाग्र गर्न सक्नेछ, त्यति नै उसको मनमा नराम्रा भावनाहरूले ठाउँ ओगट्न सक्दैन। जसले गर्दा उसले आफ्नो चित्तलाई पवित्र पार्दै लान सक्नेछ। पवित्र मनलाई एकाग्र पार्दै लान सक्ने व्यक्तिमा संसारको दुःखलाई हटाउने क्षमता बढी हुनेछ।

२०५४ असार २९ गते

बुद्धको अभिधर्म देशना बारे व्याख्या।

२०५४ असार ३१ गते देखि श्रावण ६ सम्म

अभिधर्मका ७ वटा ग्रन्थहरूको पाठ र प्रवचन।



Downloaded from http://www.dhamma.digital

## दश पारमिता

(१) दान पारमिता

२०५४ असार २१ गते

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कार्यक्रम हसनरत्न बज्राचार्यको सभापतित्वमा तारा डंगोलले संचालन गर्नुभएको थियो भने विमला शाक्यले रिपोर्टिङ्ग गर्नुभएको थियो ।

उक्तदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरले "दश पारमिता" सम्बन्धी क्रमबद्ध रूपमा चल्ने कक्षामा पहिलो पारमिता दान पारमी बारे प्रवचन गर्नुहुँदै भन्नुभयो – "दान भन्ने बित्तिकै हामी सबैलाई थाहा भएकै कुरो हो । आफूसंग भएको कुनै पनि वस्तु अरू कसैलाई श्रद्धापूर्वक त्याग भावना राखी दिइने कार्यलाई दान भन्ने गरिन्छ ।

दान दुई प्रकारका छन् – (१) पूजा दान (२) अनुकम्पा दान ।

अभिधर्म अनुसार आफ्नो चीज बस्तु अरू कसैलाई दिने चेतना नै दान हो । दान दिने बेला गरीबी बाधा होइन । मुख्य कुरो त चेतनाको हो । काम नलाग्ने बस्तु अरूलाई दान दिन जति सजिलो हुन्छ, मूल्यवान र काम लाग्ने बस्तु दान दिन त्यत्तिकै गाऱ्हो हुन्छ । असल बस्तु दान दिने कार्य महापुरुषहरूले मात्र गर्न सक्छन् । **"दानं च युद्धं च समानमाहु"** अर्थात् दान दिनु र युद्धमा लडाईं जित्नु समान कार्य हो ।

दान जसलाई दिए पनि हुन्छ । तर चरित्रवान् र गुणवान् ब्यक्तिलाई दान दिन सकेमा बढी पुण्य प्राप्त हुनेछ ।

## चिनिया परम्परागत स्वास्थ्य सेवा

थ्वहे वंगु २०५४ असार २७, २८ व २९ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसाले टाइवानया Kuan Yen Compassion Buddhist Association या ग्वाहालिं चिनिया परम्परागत चिकित्सा विधि कथं स्वास्थ्य सेवा व तालिम शिविर झ:झ:धायेक क्वचाल ।

टाइवानया १८ म्ह स्वास्थ्यकर्मीतय्सं नि:शुल्क सेवा प्रदान या:गु उगु शिविर ६४४ म्ह ल्वगितय्सं उपचार याकेखंगु दुसा ३ म्ह प्रशिक्षकपिसं ४० म्हसित उपचार विधि सम्बन्धी तालिम ब्यूगु ख: ।

उगु स्वास्थ्य शिविर व तालिम या उलेज्या गोष्ठीया धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरं छगू ज्याइव:या दथुइ त्वा:देवाय् मत च्याका: यानाबिज्या:गु ख:सा अन्तरराष्ट्रिय भिक्षुणी संघया अध्यक्ष भिक्षुणी सुशिलां छगू समारोहया दथुइ फुक्कं ज्याइव: क्वचायेका बिज्या:गु ख: ।

( बिस्तृत विवरण मेगु अंङ्के )

**धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू –**

क्र.सं. २७०

राकेश अवाले

थपाहीटी, ओकु बहाल, ललितपुर

रु. १०००/–

क्र.सं. २७१

प्रेमबहादुर शाक्य

क २२/८६ प्रयाग पोखरी, ललितपुर

रु. १०००/–

क्र.सं. २७२

प्रमिला कंसाकार

१०/४५६ मासंगल्ली, काठमाडौं

रु. ११००/–

## विचा: हायेका



मदुम्ह : **चन्द्रप्रभा तुलाधर**

वुगु दिं : ने.सं. १०४१ तछलागा: पन्चमी

मदुगु दिं : ने.सं.. १११७ दिलाध्व पारु

(आषाढ २१ गते २०५४)

धर्मकीर्ति बौद्ध लय्पौया पुलांम्ह ब्यवस्थापक व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पुलांम्ह कोषाध्यक्ष भाजु ज्ञानीरत्न तुलाधरया मां मय्जु **चन्द्रप्रभा तुलाधर** ७६ दँया बैसे आकाझाकां मदुगुलिं वय्कया छेंज:पिसं अनित्य संसारयात थुइका दु:ख धर्मधारण याये फयेमा धका विचा: हायेका च्वना ।

– धर्मकीर्ति



Downloaded from http://www.dhamma.digital

### वैशाख पूर्णिमा महोत्सव

२०५४ जेठ २१ गते, २५४१ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा भोजपुर जिल्लाको सदरमुकाम स्थित स्थानिय टुँडिखेलमा थुप्रै भक्तजनहरू जम्मा भई शान्ति जुलुसको आयोजना गरी उत्सव मनाइएको समाचार छ । सो शान्ति जुलुस बौद्ध धाम काफ्लेमा पुगी आम सभामा परिणत भएको थियो । नेपाल तामाङ घेदुङ संघ जि.का.स. भोजपुरको आयोजनामा मनाइएको उक्त कार्यक्रममा लामा गुरुहरूद्वारा बुद्ध पूजा गरिएको थियो । शेर बहादुर मोक्तानको अध्यक्षतामा सम्पन्न सो कार्यक्रम श्री राम योन्जनले संचालन गरिएको थियो भने श्री केशर बलले स्वागत भाषण गर्नुभएको थियो । त्यस्तै सुश्री कमला योन्जनले त्रीरत्न पाठ गर्नुभएको थियो भने लालबहादुर आले, दुर्गाबहादुर धामी, नेपाल भाषा मंका: खल:का श्री श्याम तमोट, शेर्पा चिछोकरा, श्री आङयासाङ शेर्पा आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

### युवा बौद्ध प्रशिक्षण शिविर (प्रथम)

२०५४ असार ७ गते, उद्घाटन समारोह

युवा बौद्ध संघ पोखराले बुद्ध धर्मको प्रचार प्रसारमा लागेका विभिन्न विहार, गुम्बा तथा संघ संस्थाहरूको बीचमा समन्वयको वातावरण राखी बुद्ध धर्मलाई अझ सुव्यवस्थित तथा वैज्ञानिक तरीकाले प्रचार प्रसार गर्न सघाउ पुगोस् भन्ने उद्देश्यले जेष्ठ ९ गते देखि पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखराको सभाकक्षमा १४ दिने युवा बौद्ध प्रशिक्षणको आयोजना गऱ्यो । हिमाली बौद्ध शिक्षण संस्थाको सौजन्यमा युवा बौद्ध संघद्वारा आयोजना गरिएको उक्त प्रशिक्षण शिविरको उद्घाटन समारोह जेष्ठ १९ गते आइतवार पृथ्वीनारायण बहुमुखी क्याम्पसको सभाकक्षमा सम्पन्न भएको थियो । दायक सभाका सचिव कृष्णमान गुभाजुले संचालन गर्नुभएको सो समारोहमा युवा बौद्ध संघका अध्यक्ष उत्तममान बुद्धाचार्यले स्वागत भाषण गर्दै बौद्धहरूलाई गहन रूपले बौद्ध सिद्धान्त, आदर्श र सदाचार बारे जानकारी गराउने प्रशिक्षण शिविरको लक्ष्य रहेको बताउनु भयो । स्वागत भाषण पछी पृथ्वीनारायण बहुमुखी क्याम्पसका प्रमुख वीरेन्द्र सिंह गुरूङ्गले दीप प्रज्जलन गरी युवा बौद्ध प्रशिक्षण शिविरको उद्घाटन गर्नुभएको थियो । आफ्नो उद्घाटन भाषणमा डा. गुरूङ्गले पोखरामा हुन लागेको यो पहिलो प्रशिक्षण शिविरले युवाहरूलाई एउटा जोश बढाउनका साथै उचित बाटोमा जान निर्देशन गर्नेछ भन्ने अपेक्षा आफूले लिएको बताउनु भयो । त्यसैगरी हिमाली बौद्ध शिक्षण संस्थाका अध्यक्ष तथा अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु सुदर्शन महास्थविरले पञ्चशील प्रदान गर्नु भएपछि प्रारम्भ भएको उक्त उद्घाटन समारोहमा वहाँले प्रशिक्षण शिविरको महत्त्व माथि प्रकाश पार्नु भएको थियो । उद्घाटन समारोहपछी प्रशिक्षण शिविरको पहिलो कार्यक्रम अनुसार भिक्षु सुदर्शन महास्थविरले बुद्ध जीवनी माथि विस्तृत रूपले प्रकाश पार्नुभयो भने धर्मोदय सभा कास्कीका अध्यक्ष बिलबहादुर गुरूङ्गले पोखरामा बुद्धधर्म विषयमा जानकारी दिनुभयो । जेष्ठ १९ गते देखि ३२ गतेसम्म हरके दिन विहान ७:०० बजे देखि ९:०० बजेसम्म संचालन भएको उक्त युवा बौद्ध प्रशिक्षण शिविरको विषय तथा प्रशिक्षकहरूको नामावली निम्नानुसार रहेको छ ।

प्रशिक्षक र विषयहरू :–

१) भिक्षु, सुदर्शन महास्थविरले :- बुद्ध जीवनी, नेपाल, श्रीलंका, बर्मा र थाइलैण्डमा बुद्ध धर्म बौद्ध भिक्षु संघ, बौद्ध चाडपर्व र बौद्ध संस्कार लुम्बिनीको परिचय, बौद्ध दर्शन; २) अनगारिका सुजाताले :- शिल सदाचार, वैशाख, जेष्ठ, असार र माघ पूर्णिमा; ३) बिलबहादुर गुरूङ्गले :- पोखरामा बुद्ध धर्म; ४) प्रा. जगमान गुरूङ्गले :- बौद्ध कला र बौद्ध वास्तुकला; ५) डा. गेहेन्द्रमान उदास-पोखरेलीले:- हिन्दू अधिराज्य नेपाल; ६) प्रकाशमान गुभाजुले :- जापानमा बुद्ध धर्म; ७) प्रा. सुवर्ण शाक्यले:- बौद्ध संगायना, बौद्ध संस्कार; ८) विश्व शाक्यले :- बौद्ध साहित्य; ९) तिलकमान गुभाजुले :- कपिलवस्तुको परिचय; १०) भिक्षु श्रद्धानन्दले :- बुद्ध धर्म; ११) कृष्ण गुरूङ्गले :- गुरूङ्ग जनजातिको परिचय; १२) लोकबहादुर थापा मगरले :- मगर जनजातिको परिचय

पोखराका बुद्ध धर्मसंग सम्वन्धित निम्न संस्थाहरूबाट १३ जना महिलाहरू सहित ७० जना प्रतिनिधिहरू सो प्रशिक्षण शिविरमा सहभागी भएका थिए ।

(१) बौद्ध अर्घौ सदन (२) नेपाल तामाङ्ग घेडुङ्ग संघ (३) सद्धर्म सभा (४) तमुं विद्यार्थी घोजघीं (५) मैत्री संघ (६) नेपाल मगर संघ (७) ताङ्वे समाज सेवा समिति (८) तमु घिं कास्की (९) मार्फा थकाली सेवा समिति (१०) युवा बौद्ध संघ

### भक्तपुरको विज्ञप्ति

२०५४ असार २१ गते मैत्रेय युवा संघको आह्वानमा लुम्बिनीमा हत्या गरिएका जापानी भिक्षु



Downloaded from http://www.dhamma.digital

नावातामेको हत्याको विरोध एवं शोकसभाको आयोजना गरिएको समाचार छ । १ मिनेट मौन धारण गरी शुरू गरिएको उक्त सभामा सो घटनाको घोर भत्सना गर्दै संघको विरोध विज्ञप्ति सुनाइएको थियो ।

**विरोध विज्ञप्ति :–**

लुम्बिनी जस्तो विश्वको ध्यान आकृष्ट गर्ने स्थानमा शान्ति स्तूप निर्माणका इन्चार्ज भई काम गर्दै आउनु भएका श्रद्धेय भिक्षु युनाताका नावातामेको निर्मम हत्याले सम्पूर्ण शान्तिप्रेमी मानवलाई स्तब्ध पारेको छ । केही दिन अगाडि मात्र विश्व सम्पदा सूचीमा समावेश सो लुम्बिनीको मायादेवी मन्दिरको केही माइल वरिपरि भएको घटनाले लुम्बिनीमा शान्ति सुरक्षाको लागि केही व्यवस्था नगरेको विश्वको सामु नेपालको झूठो बौद्ध धर्म प्रतिको प्रचार प्रसार उदाङ्गिएको छ । लुम्बिनी नेपालको मात्र होइन विश्व मानव मात्रकै पवित्र सम्पत्तिको रूपमा अवस्थित स्थान हो तर सो स्थानको कुनै सुरक्षा नगरेको, केवल नाम मात्र पालेको रूपमा एक दुई जना मान्छे मात्र राखेको यसको विरोधमा बारम्बार आवाज उठाइँदा कुनै ठोस कार्य नचालेकोले पनि आज यस्तो विभत्स घटना हेर्नुपर्‍यो र विश्वको सामू नेपालले आफ्नो छवि धमिल्याउनु पर्‍यो । अत: आइन्दा फेरि यस्ता घटना नदोहोर्‍याउन लुम्बिनीमा उचित शान्ति सुरक्षा तथा पुरातात्त्विक स्थान र वस्तुको सुरक्षार्थ नेपाली सैनिकहरूकै व्यवस्था गर्न र सो हत्या काण्डलाई केवल राजनैतिक इस्यू मात्र नबनाइ उच्च अनुसन्धान आयोग गठन गरी सही ढंगले हत्यारा पत्ता लगाई कारवाही चलाउन यस संघ जोडदार माग गर्दछ ।

विज्ञप्ती पछी संघका अध्यक्ष तीर्थराज बज्राचार्यले पोखरामा शान्तिस्तूप बनाउँदा पनि भिक्षुहरूलाई मारिदिने धम्की दिएको तर यसको विरूद्ध कुनै कदम नचालेको यस्तो समयमा पनि नेपालका बौद्ध तथा बौद्ध संघहरू मौन बसिदिने हो भने भोलि लुम्बिनीको अशोक स्तम्भै ध्वस्त पार्न पछी नपर्ने शंका व्यक्त गर्नुभयो ।

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको प्रेस विज्ञप्ती**

२०५४ असार २१ गते

शान्ति नायक महामानव गौतम बुद्धको जन्मभूमि पवित्र लुम्बिनी उद्यानलाई विश्वका शान्तिकामी सम्पूर्ण मानव मात्रको अन्तर्राष्ट्रिय केन्द्रको रूपमा विकसित गर्ने परिकल्पनालाई यथासक्य पूर्णता दिने क्रममा संयुक्त राष्ट्र संघ अन्तर्गत युनेस्कोको विश्व सम्पदा सूचीमा समावेश गरिएको निर्णयबाट उत्साहित बौद्ध समुदायलाई अचानक निप्पोन जान म्योहुजी संस्थाद्वारा लुम्बिनीको पवित्र उद्यानमा निर्माण भइरहेको विश्व शान्ति स्तूपको प्रोग्राम इन्चार्जको रूपमा कार्यरत जापानका भिक्षु युनातामा नावातामेको यही असार १९ गते उक्त शान्ति स्तूप निरै निर्ममतापूर्ण एवं पाशविक हत्याको घटनाले सम्पूर्ण सभ्य समुदायलाई क्षुब्ध पारेको छ ।

मानव मात्रको शान्ति र मुक्तिको निम्ति समर्पित श्रद्धेय भिक्षुको हत्याले अन्तर्राष्ट्रिय समुदायमा नेपाल प्रति अत्यन्तै नकारात्मक प्रभाव पार्ने हुनाले उक्त घटनाको संवेदनशीलतालाई बुझेर सिघ्रातिशिघ्र गहन छानविन गरी दोषीलाई कारवाही होस् भन्ने यस धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी जोरदार माग गर्दछ ।

साथै अन्तर्राष्ट्रिय सहभागितामा लुम्बिनी क्षेत्रको विकासलाई सुगम र सरल पार्न आवश्यक सुरक्षाको वन्दोवस्त गरी भविष्यमा पनि सभ्यता विरोधी त्यस्ता कुत्सित एवं घृणित घटनाबाट मर्माहत सबैलाई आश्वास्त पार्ने सकारात्मक कदम चाल्न श्री ५ को सरकारको सम्बन्धित निकायको ध्यान आकर्षण गराउन चाहन्छ ।

यसरी सुनियोजित रूपमै एक विदेशी भिक्षुको हत्या भएको कारण सम्पूर्ण समुदाय तथा शान्तिकामी सम्पूर्ण नेपाली सचेत हुन यस गोष्ठी सबैमा अनुरोध गर्दछ । साथै दिवंगत भिक्षुको निर्वाण कामना गर्दै सश्रद्धा पुण्यानुमोदन गर्दछ ।

**जापानी भिक्षु नावातामेज्यूको हत्याप्रति क्षोभ व्यक्त गरेको**

२०५४ असार २६ गते

शान्तिका महानायक, तथागत गौतम बुद्धको पावन जन्मभूमि "लुम्बिनी" मा विश्वमै सबभन्दा ठूलो "विश्व शान्ति स्तूप" निर्माण गर्ने कार्यमा लागि पर्नुभएका श्रद्धेय जापानी भिक्षु युनाताका नावातामेज्यूको हत्या भएकोमा थेरवाद बौद्ध दायक केन्द्रीय परिषदबाट दु:ख प्रकट गर्दै उक्त जघन्य अपराधप्रति घोर भर्त्सना गर्दछ । श्रद्धेय भिक्षु नावातामेज्यूलाई नै ताकेर हत्या भएको कारणबाट धार्मिक समन्वयमा आघात पार्ने, पुर्‍याउने दुष्प्रयास भएको पनि हुन सक्ने आशंका गर्नु अस्वाभाविक ठहरिन्दैन । लुम्बिनी जस्तो पवित्र स्थलमा शान्ति सुरक्षा भएन भने अन्तर्राष्ट्रिय स्तरबाट लुम्बिनीमा निर्माण भैरहेका विभिन्न प्रोजेक्टमा असर पर्नसक्ने भएकोले यथाशिघ्र प्रहरी र सैनिक चौकीको व्यवस्था गरी नरपिसाची अपराधीलाई तुरून्त पत्ता लगाउन Inter–Pol को सहयोग लिई तदारूकतासाथ कार्यवाही चलाउन अत्यन्त जरूरी छ । साथै उक्त नर पिचासी हत्यारा पत्ता लगाउन सम्बन्धित क्षेत्रमा विशेष अनुभवी एवं आस्थावान ब्यक्तित्व समावेश गरी एक "उच्च स्तरीय छानविन आयोग" गठन गरियोस् भनी जोडदार माग गर्दछौं ।

**– थेरवाद बौद्ध दायक केन्द्रिय परिषद**



Downloaded from http://www.dhamma.digital

### गुरु पूर्णिमा

बागलुङ्ग, २०५४ श्रावण ५ गते ।

एशियाको ज्योतिपुञ्ज शान्तिकामी भगवान गौतम बुद्धको जन्मस्थल पवित्र नेपाल भूमिको लुम्बिनीमा निर्माण गरिने भएको शान्ति स्तूपमा अथक लगनशील भै लागि पर्नु भएका मित्रराष्ट्र जापानी बौद्ध भिक्षु "युनाताका नावातामे" को जघन्य हत्याबाट समस्त बौद्ध मार्गीहरूमा स्तब्धता छाएको छ । यस हत्याको हत्यारालाई यथाशिघ्र, कठोर कारवाहीको माग गर्दै, ज्ञानोदय बुद्ध विहार बागलुङ्ग धर्मोदय सभा बागलुङ्ग शाखा, युवा बौद्ध संघ बागलुङ्गको संयुक्त आयोजनामा शोक पदयात्राको आयोजना गरेको समाचार छ । प्राप्त समाचार अनुसार ज्ञानोदय बुद्ध विहारका अध्यक्ष मंगलप्रसाद शाक्यको अध्यक्षतामा आयोजित उक्त समारोहमा धर्मोदय सभाको उपाध्यक्ष काजी रोशनबाट भिक्षु नावातामेको सम्झनामा केही बोल्नुभएको थियो भने समारोह संचालन सचिव मुकुन्द शाक्यले गर्नुभएको थियो । उक्त समारोहमा उपासक, उपासिका र अन्य महानुभावहरू समेत गरी बजार परिक्रमा गरेको थियो ।

### १४ औं वार्षिकोत्सव

तानसेन, २०५४ श्रावण ५ गते ।

टक्सार महाचैत्य विहार आजीवन दायक समितिको १४ औं वार्षिक कार्यक्रम सम्पन्न भयो ।

धर्मानुशासक शाक्यानन्द भन्तेज्यूबाट अध्यक्षताको आसन ग्रहण, तत्पश्चात् सुश्री उमा महर्जनबाट स्वागत मन्तव्य, सुश्री सौन्दर्यवती शाक्यबाट २०५३/०५४ सालको नयाँ सदस्यहरूको नामावली वाचन । आजीवन दायक समितिका अध्यक्ष सुश्री सुमना शाक्यबाट वार्षिक प्रतिवेदन प्रस्तुत । सचिव सुश्री श्रीलक्ष्मी बज्राचार्यबाट आय-व्यय विवरण प्रस्तुत भयो ।

शुभकामना तथा मन्तव्य दिनेहरूमा श्रीमती, पूर्णमाया महर्जन, श्रीकृष्णप्रसाद शाक्य, प्रा. छत्रराज शाक्यज्यूबाट मन्तव्य एवंम् शुभकामना व्यक्त गर्नुभएको थियो ।

बौद्ध महिला आजीवन दायकका सल्लाहकार श्री चकोरमान शाक्यबाट धन्यवाद ज्ञापन र अन्तमा अध्यक्ष संघनायक भन्तेज्यूबाट गुरु पूर्णिमाको महत्त्व बारे प्रकाश र पूण्यानुमोदन । तत्पश्चात् गत आषाढ १९ गते लुम्बिनी शान्ति स्तूप निर्माण कार्यमा कार्यरत जापानी भिक्षु युनाताका नावातामेको निर्मम हत्या भई दिवंगत भएकोमा शान्ति कामना गर्नुभई उपस्थित सबै उपासक-उपासिकाहरूबाट एक मिनेट मौन धारण गरेका थिए । सभा संचालन सुश्री रश्मि शाक्यबाट भएको थियो ।

दिउँसो ३ बजे पारीलेय्यक वन श्रीनगर डाँडामा वृक्षारोपण कार्यक्रम हर्षोल्लासका साथ सम्पन्न भयो ।

### असार पूर्णिमाको पाँच संयोगहरू

२०५४ श्रावण ५ गते ।

असार पूर्णिमा अर्थात् गुरु पूर्णिमा बुद्ध जीवनीसंग सम्बन्धित पाँचवटा घटनाहरूको संयोगको दिन भएको सिलसिलामा अक्षयश्वर महाविहारमा भिक्षुणी संघले एक कार्यक्रमको आयोजना गरिएको थियो ।

भिक्षु पञ्ञालोक समक्ष शील प्रार्थना गरी शुभारम्भ गरिएको उक्त कार्यक्रम ललितपुरका मेयर बुद्धिराज बज्राचार्यको प्रमुख आतिथ्यमा र भिक्षु पञ्ञालोकको सभापतित्त्वमा सम्पन्न भएको थियो ।

भिक्षुणी पञ्ञावतीले संचालन गर्नुभएको उक्त कार्यक्रममा भिक्षुणी सुशीलाले स्वागत भाषण गर्नुभएको थियो भने भिक्षुणी ञाणवतीले धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त कार्यक्रममा बुद्ध जीवनी सम्बन्धी पाँचवटा घटनाका विषयहरू बारे ४ जवान भिक्षुणीहरूले यसरी छुट्टछुट्टै व्याख्या गरिएको थियो ।

| वक्ताहरू | पाँच संयोगका विषयहरू |
|---|---|
| भिक्षुणी कुशुम | सिद्धार्थ कुमारको गर्भ प्रवेश |
| भिक्षुणी अनोजा | सिद्धार्थ कुमारको अभिनिष्क्रमण |
| भिक्षुणी धम्मदिन्ना | बुद्धद्वारा सारनाथको मृगदावनमा पञ्चभद्रवर्गीयहरूलाई धर्मचक्र प्रवर्तन |
| भिक्षुणी वीर्यवती | बुद्धद्वारा यमक प्रातिहार्य प्रदर्शन |
| भिक्षुणी अनोजा | बुद्धद्वारा अभिधर्म देशना |

### बनेपामा मौन जुलूस

बनेपा ८ श्रावण, लुम्बिनीमा विश्व शान्ति स्तूप निर्माण कार्यमा संलग्न जापानी भिक्षु युनाताका नावातामेको अन्यायपूर्वक हत्या गरेको विरोधमा बनेपा बौद्ध परिवारको आयोजनामा विरोधको जुलूस निस्केको थियो । अशातीत ठूलो संख्यामा जन समूहको उपस्थिति थियो । ललितपुर रूद्रवर्ण महाविहारका दुईसय भन्दा बढी उपासक उपासिकाहरूको पनि उपस्थिति थियो ।

उक्त विरोध जुलूस बनेपा ध्यानकुटी विहारबाट शुरू भई बनेपा नगर परिक्रमा पश्चात् सोही विहार स्थानमा पुगी एक मिनेट मौन धारण कार्यक्रममा परिणत भएको थियो ।

जुलूसमा लुम्बिनी विकास तर्फ ध्यान दिउँ, नावातामेका हत्यारा पत्ता लगाऊँ, लुम्बिनी बचाउ आदि नारा लेखिएका सैकडौं प्लेकार्डहरू प्रदर्शन गरेका थिए ।

### भक्तपुरमा पनि मौन जुलूस र शोक सभा

जापानी भिक्षु नावातामेको हत्या बिरुद्ध भक्तपुरमा भव्य जुलूसले नगर परिक्रमा गरी शोक सभामा परिणत भएको समाचार छ ।

Downloaded from http://www.dhamma.digital

उक्त जुलूसमा स्कूलका छात्र छात्रा, बौद्ध संघ संस्थाका सदस्यहरू लगाएत हजारौं उपासक उपासिकाहरूको सहभागिता थियो ।

**४५ बौद्ध संघ संस्थाहरूको संयुक्त शोकसभा**

विश्व शान्ति विहार नयाँ बानेश्वरमा ४५ बौद्ध संघ संस्थाहरूको संयुक्त श्रद्धाञ्जलि शोक सभा आयोजना गर्दै भगवान बुद्धको जन्मस्थलमा "लुम्बिनी विश्व शान्ति स्तूप" निर्माणमा संलग्न जापानी बौद्ध भिक्षु युनाताका नावातामे प्रति हार्दिक श्रद्धाञ्जलि अर्पित गरेको छ ।

पोखरा विश्व शान्ति स्तूप निर्माणमा संलग्न रहनु हुने र भिक्षु नावातामेको मित्र भिक्षु मोरिओकाबाट शान्तिका लागि धर्मदुन्दभि बजाउँदै गर्नुभएको प्रार्थनासंगै भिक्षु युनाताका नावातामेका भाउज्यू सातोय नावातामे र भतिजा कोजी नावातामेबाट मैनवत्ति र धूप बाल्दै पुष्पाञ्जलि अर्पण गर्नुभयो ।

लुम्बिनी विश्व शान्ति स्तूपको ४ वर्ष अगाडि शिलान्यास गर्नुहुने पूर्व प्रधानमन्त्री प्रमुख प्रतिपक्ष दलका नेता श्री गिरिजाप्रसाद कोइरालाले श्रद्धाञ्जलि दिंदै भन्नुभयो – पोखरा विश्व शान्ति स्तूप, भट्‌काउनु र लुम्बिनी विश्व शान्ति स्तूप निर्माणमा कार्यरत भिक्षुको हत्या हुनु बीचमा कुनै सम्बन्ध त छैन ? विदेशी बौद्ध भिक्षुको हत्या कसले गरेको हो र कुन शक्ति भएको हो बुझ्नु परेको छ ।

जापानी राजदूतले श्रद्धाञ्जलि अर्पित गर्दै भन्नुभयो – श्री नावातामेको आकश्मिक र निर्मम मृत्यु हाम्रो समझभन्दा माथिको कुरो हो । यी देशको मैत्री सम्बन्ध, मित्रता पारस्परिक विश्वासको आधारमा छ । श्री नावातामेको निर्मम हत्या भएकोमा मलाई धेरै अपशोच छ । यो जापानी, भिक्षुको हत्यालाई नेपालको सरकारी र सम्बन्धित निकायहरूबाट त्यसै नराखीकन यस घृणित हत्याको तथ्य छानवीन र अन्वेषण शीघ्र गरिने छ भन्ने मलाई दृढ आशा छ । यसो गरेमा नेपालमा बुद्धधर्म पुनरूत्थान गर्न लागिरहेका ब्यक्तिहरू नेपालमा शान्ति र सुरक्षासाथ आज र संधैको लागि बस्न सक्नेछ ।

शोक सभामा बर्मी राजदूत, थाइलैण्डका राजदुत र श्रीलंका चार्ज दे अफियर्सबाट पुष्प गुच्छा चढाउँदै श्रद्धाञ्जलि अर्पित गरेपछि ५५ वटा विभिन्न बौद्ध संघ संस्थाका प्रतिनिधिहरूबाट पुष्प गुच्छा अर्पित गर्दै श्रद्धाञ्जलि दिए ।

शोक सभामा श्रद्धाञ्जलि चढाउँदै धर्मोदय सभाका अध्यक्ष टुङरम ग्याल्दुल रिम्पोछे शेर्पाले भन्नुभयो – बुद्धको जन्म भूमिमा एउटा भिक्षुको हत्या हुनु सान्है दु:खको र सोचनीय कुरा हो । त्यस्तै लुम्बिनी विकास कोषका कोषाध्यक्ष लक्ष्मीदास मानन्धर महायान बौद्ध संघका छुसांग रिम्पोछे, हिमाल बौद्ध संघका महासचिव आंग छेरिंग लामाले जापानी भिक्षुको हत्यामा दु:ख प्रकट गर्दै श्रद्धाञ्जलि अर्पित गरे । श्री छेरिङ्ग लामाले अपराधी तुरून्त पत्ता लगाउने सहित श्री ५ को सरकारमा ६ वटा माग गरिएको कुरा उल्लेख गर्नुभयो । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको अध्यक्ष भिक्षुणी धम्मवतीले शान्ति क्षेत्र नेपालमा विश्व शान्ति स्तूप निर्माणमा संलग्न भिक्षुको हत्या हुनु राजाको शान्ति क्षेत्र भावना माथि थप्पड मार्नु हो ।

बुद्धजयन्ती समारोह समितिका उपाध्यक्ष कनकमान शाक्यले श्रद्धाञ्जलि अर्पित गर्दै भन्नुभयो – जापानी बौद्ध भिक्षुको हत्या धनको लोभमा गरेको होइन । नेपाल मगर संघको अध्यक्ष गोरेबहादुर खर्पागीले श्रद्धाञ्जलि दिंदै भन्नुभयो – नेपाल बौद्ध आदि जनजातिको प्यारो मातृभूमि हो । मर्ने बेला बनारसमा मर्न चाहनेहरूका लागि नेपालको माटो पवित्र नै हुने छैन । सत्ता र शक्तिमा रहनेले धर्ममा पनि आधिपत्य जमाउने गर्दछ । अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु सुदर्शन महास्थविरले भन्नुभयो – जसले जस्तो बिउ रोप्छ, त्यसले त्यस्तै भोग गर्नु पर्नेछ । आज नभए भोलि अन्तत: कल्याणकारीलाई कल्याण हुनेछ र पाप गर्नेले पापको फल अवश्य भोग्नुपर्नेछ ।

शोकसभामा थेरवाद, महायान र बज्रयान परम्परा अनुसार युनाताका नावातामेको निर्वाण कामना गर्दै प्रार्थना गरेको थियो भने अन्तमा भिक्षु नावातामेका परिवारबाट पुण्यानुमोदन गरेको थियो । अन्तमा भिक्षु युनाताका नावातामेको चिरशान्ति कामना गर्दै एक मिनेट मौन धारण गरेको थियो ।

शोकसभामा लुम्बिनी विश्वशान्ति स्तूप निर्माणमा संलग्न भिक्षुको निर्वाण कामना गर्दै श्री ५ को सरकार बाट हत्याराहरू चांडै जनसमक्ष ल्याइयोस् भन्ने प्रस्ताव सर्वसम्मतबाट पारित गरियो ।

लक्ष्मीदास मानन्धरले आफ्नो ब्यक्तिगत तर्फबाट हत्यारा सुराक दिनेलाई रु. २५,०००/- हजार पुरस्कार दिने घोषणा गर्नुभएको थियो भने शोकसभाको संचालन भिक्षु सुगन्धले गर्नुभएको हो ।

**पाल्पामा बुद्ध मूर्ति प्रतिस्थापना**

पाल्पाको चिर्तुङ्गधारा गा.वि.स.मा मगर समाजबाट नवनिर्मित सन्तोक बुद्ध विहारमा भगवान बुद्धको २ फुट अग्लो मूर्ति नेपालको जेष्ठतम भिक्षु संघनायक शाक्यानन्द महास्थविरज्यूबाट एक धार्मिक समारोहमा परित्राण पाठ सहित प्रतिस्थापना कार्य सुसम्पन्न भयो ।

*(बाँकी कभरको दोस्रो पेजमा)*

मुद्रक : नेपाल प्रेस • अफिस फोन : २२१०३२ फ्याक्स : (९७७-१) २२१४५०, प्रेस : ४२१४५०, ४१४७५३

Downloaded from http://www.dhamma.digital